# अध्याय-एक

# शोध परिचय

## १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक नि.मा. तहअन्तर्गत **कक्षा आठको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरण अभ्यासहरूको अध्ययन** रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको पाठ्यांश नेपा.शि.५९८ को प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ समस्या कथन

प्रस्तुत शोधका समस्याहरू निम्नलिखित रहेका छन् :-

क) निर्दिष्ट पाठ्यक्रम र नेपाली पाठ्यपुस्तकमा रहेका व्याकरण र त्यसका अभ्यासहरूको मूल पाठसँग सामञ्जस्य छ कि छैन ?

ख) पाठ्यक्रम र नयाँ नेपाली पाठ्यपुस्तकमा व्याकरणका पाठहरूको पृष्ठभूमिमा अभ्यासको स्वरूप कस्तो छ ?

ग) नि.मा.वि.तहअन्तर्गत कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा दिएका व्याकरण अभ्यासहरूका सबल र दुर्बल पक्षहरू के-के हुन् ?

घ) कक्षा आठको नेपाली पाठ्यपुस्तकभित्र व्याकरण र अभ्यासहरू विद्यार्थीको रूचि, उमेर र स्तर अनुरूप छन् कि छैनन् ?

## १.४ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको उद्देश्य समस्याकथनमा उठेका प्रश्नहरूको समाधानमा केन्द्रित रहेको छ ।

क) निर्दिष्ट पाठ्यक्रम र नेपाली पाठ्यपुस्तकमा रहेका व्याकरण र त्यसका अभ्यासहरूको अध्ययन गरी मूलपाठसँग त्यसको सामञ्जस्यको खोजी गर्नु,

ख) पाठ्यक्रम र नया नेपाली पाठ्यपुस्तकका व्याकरणका पाठहरूको पृष्ठभूमिमा अभ्यासहरूको स्वरूप पहिल्याउनु,

ग) नि.मा.वि. तहअन्तर्गत कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा दिइएका व्याकरण अभ्यासहरूका सबल र दुर्बल पक्षहरूको पहिचान गर्नु ।

घ) नि.मा.वि. तहअन्तर्गत कक्षा आठको पाठ्यपुस्तकभित्र व्याकरण र अभ्यासहरू विद्यार्थीका रूचि, उमेर र स्तरअनुरूप भए-नभएको पहिल्याउनु ।

## १.५ पूर्वकार्यको समीक्षा

नेपालमा भाषा पाठ्यपुस्तकका नमुना अभ्याससम्बन्धी अध्ययन र विश्लेषण भए पनि यिनीहरूको मात्रा ज्यादै सीमित छ । पाठ्यक्रमका उद्देश्य अनुरूप व्याकरण र त्यसका अभ्यासहरूको खास अनुसन्धान नभएको यस परिप्रेक्ष्यमा यो शोध प्रस्तावले नि.मा.वि. तहअन्तर्गत कक्षा कक्षा आठको नेपाली पाठ्यपुस्तकमा राखिएका व्याकरण अभ्यास अध्ययनतर्फ ध्यानाकृष्ट गर्न सहयोग पुऱ्याउनेछ । नेपाली व्याकरणसम्बन्धी खोज अनुसन्धान विश्वविद्यालयका विभिन्न निकायबाट समयसमयमा हुँदै गरेको पाइन्छ । ती अध्ययनहरूमा व्याकरणिक पक्षका बारेमा व्यवस्थित अध्ययन गरिएका पाइए पनि कक्षा आठको नेपाली विषयको नमुना अभ्याससम्बन्धी अध्ययन भएको पाइँदैन । यति भएर पनि अहिलेसम्म विभिन्न विद्वान्हरूले गरेका अध्ययन अनुसन्धानहरूलाई यहाँ प्रस्तुत गरिएको छ :

डा. माधवप्रसाद आचार्य र रामप्रसाद गौतमद्वारा लेखिएको नेपालीभाषा र साहित्य शिक्षण (२०६५) मा उल्लेख गरेअनुसार हालसम्मको नेपाली व्याकरण शिक्षणलाई नियाल्दा उही वि.सं.१९६९ मा पण्डित हेमराजका चन्द्रिका व्याकरणले निर्देशित गरेबमोजिम शिक्षणविधिहरू रहेको पाइन्छ । माधवप्रसाद आचार्य र रामप्रसाद गौतमका बारेमा आफ्नो विद्यावारिधि शोधप्रबन्धमा केदार प्रसाद शर्माले भने विशुद्ध चर्चा गरेका छन् । उक्त शोधको निष्कर्षअनुसार नमुना अभ्यासहरू असन्तुलित, अव्यवस्थित, भाषा पाठ्यपुस्तकभन्दा विषयवस्तुको सिकाइमा केन्द्रित, एकल प्रकृतिका, लेख्य कार्यकलापलाई मात्र जोड दिने खालका देखिएका छन् (शर्मा, १९९५ : ९) ।

डिल्लिराम रिमाल (२०५३) को **माध्यमिक तहको वर्तमान भाषा पाठ्यपुस्तक (कक्षा ९ र १०) मा प्रयुक्त नमुना अभ्यासको अध्ययन** अप्रकाशित लघु अनुसन्धान प्रतिवेदनलाई महत्त्वपूर्ण प्रयासका रूपमा लिन सकिन्छ । नमुना अभ्यासमा केन्द्रित भएर गरिएको यो अध्ययनले सम्बन्धित पाठ्यपुस्तकमा समाविष्ट अभ्यासहरूका कमीकमजोरी औँल्याइ निष्कर्ष र सुझाव दिइएको छ । निष्कर्षमा व्यवस्थापन पक्ष सुदृण नभएको, भाषिक कुशलताको ख्याल नराखिएको, यस क्षेत्रका अध्ययनको सुझावलाई कार्यान्वयन गरी अभ्यास निर्माण हुन नसकेको, नमुना अभ्यासलाई केवल अभ्यासका रूपमा मात्र अगाडि बढाइएको प्रश्नहरूको विश्लेषण गर्दा अभ्यासको प्रयोग पक्ष गौण भएको उल्लेख गरिएको छ । शिक्षा स्नातकोत्तर उपाधिको लागि निश्चित कक्षाका भाषा पाठ्यपुस्तकमा समावेश गरिएका नमुना अभ्यासहरूको विश्लेषणात्मक अभ्यासहरू भएको पनि पाइन्छ । मोहनकुमार दाहाल(२०५२-२०५६) द्वारा **निम्न माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यास एक अध्ययन** शीर्षकको शिक्षा स्नातकोत्तर शोधपत्रमा अभ्यासमा समावेश प्रश्नहरूमा स्पष्ट निर्देशन नभएको, व्याकरणसम्बन्धी अभ्यास अपूर्ण भएको छनोट र स्तरणमा ख्याल गर्न नसकिएको, भाषिक अभ्यासका दृष्टिले कमजोर भएको निष्कर्ष निकालिएको छ ।

यशोदा खड्काको **कक्षा आठको हाम्रो नेपाली किताब र सजिलो नेपाली मालाका नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन** शीर्षकको शिक्षा स्नातकोत्तर शोधपत्र रहेको छ । उक्त शोधपत्रमा अभ्यासमा दिइएका निर्देशन अपुष्ट भएका, अभ्यासगत विविधता नभएका निदानात्मक अभ्यासको अभाव रहेको, नमुना प्रश्न र परीक्षामा सोधिने प्रश्नबीच तालमेल नभएको निष्कर्ष निकालिएको छ ।

मा.वि.तहको भाषा पाठ्यपुस्तक नमुना अभ्यासको बारेमा आफ्नो स्नातकोत्तर तहको शोधपत्रमा हिमलाल न्यौपानेले धेरै चर्चा गरेका छन् । उक्त शोधको निष्कर्ष अनुसार व्याकरणका अभ्यासहरू भाषाका सबै सीपहरू विकास नहुने खालका व्याकरण अभ्यासका प्रश्नहरू विविध प्रकृतिका हुनुपर्ने, विषयवस्तुको सङ्गठनमा क्रमिकतालाई ध्यान दिनुपर्ने देखाइएको छ (न्यौपाने, २०५७ : १०२) ।

यी माथिका सन्दर्भहरूलाई हेर्दा माध्यमिक र निम्न माध्यमिक तहका विभिन्न कक्षाका व्याकरणसम्बन्धी सामान्य विवरणात्मक रूपमा अध्ययन, विश्लेषण भएको पाइए

तापनि नि.मा.वि.तहअन्तर्गत कक्षा आठको व्याकरण नमुना अन्याससम्बन्धी स्पष्ट विश्लेषण र विवेचना नगरिएकाले यो शोधपत्रको अध्ययन महत्त्वपूर्ण र उपयोगी छ ।

## १.६ शोधको औचित्य र महत्त्व

भाषा शिक्षण विषयवस्तुको शिक्षण नभई सीपहरूको शिक्षण हो । नि.मा.वि. तहअन्तर्गत कक्षा आठको नेपाली भाषापाठ्यपुस्तकमा व्याकरणका अभ्यासहरू स्तरअनुरूप छन्, छैनन ? उक्त तहका भाषापाठ्यपुस्तकभित्र व्याकरण र अभ्यासहरू विद्यार्थीको रूचि, उमेर, अनुरूप छन् छैनन ? भन्ने जस्ता सवाललाई लिएर अभ्यासको मूल्याङ्कन गरिने हुनाले र त्यसमा भएका कमजोर पक्षलाई औँल्याएर सुझावसमेत दिने उद्देश्य यस शोधपत्रको रहेको छ । कक्षा आठको व्याकरण नमुना अभ्यासको व्यवस्थित, वस्तुपरक र तथ्यपरक अध्ययन गर्नु प्रस्तुत शोधपत्रको उद्देश्य रहेकाले त्यस तहको व्याकरण नमुना अभ्याससम्बन्धी वस्तुपरक विश्लेषण हुने हुनाले यस शोधपत्रको औचित्य र महत्त्व उपलब्धिपूर्ण र सार्थक हुने देखिन्छ ।

## १.७ शोधकार्यको सीमा

यस शोधको सीमा नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रद्वारा लागू गरिएको नि.मा.वि.तहको अनिवार्य नेपाली पाठ्यपुस्तकको व्याकरणका पाठहरू र तिनका अभ्यासहरूको अध्ययनलाई मात्र समेट्नु यस शोधपत्रको सीमा रहेको छ ।

## १.८ शोधविधि

प्रस्तुत शोधपत्रको अध्ययनका लागि विभिन्न अनुसन्धानात्मक ढाँचा अपनाउन सकिने भए पनि अध्ययनको प्रकृतिलाई हेरेर विश्लेषणात्मक ढाँचालाई उपयुक्त ठानिएको छ ।

### १.८.१ नमुना छनोट

यस शोधपत्रको अध्ययनका लागि नि.मा.वि. तहअन्तर्गतका लागि निर्धारित नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रले तयार पारेको **हाम्रो नेपाली किताब**लाई नमुनाका रूपमा छनोट गरिएको छ ।

### १.८.२ सामग्री सङ्कलन

प्रस्तुत अध्ययनमा पुस्तकालयिय विधिबाट सामग्री सङ्कलन गरिएको छ । कक्षा आठको **हाम्रो नेपाली किताब**मा समावेश भएका व्याकरण अभ्यासलाई अध्ययन गर्ने क्रममा प्रत्येक पाठको अन्त्यमा राखिएका व्याकरण अभ्यासबाट व्याकरणको क्षेत्र अनुरूप वर्गीकरण गरी छुट्टाछुट्टै रूपमा तथ्याङ्कको सङ्कलन गरिएको छ ।

### १.८.३ व्याख्या तथा विश्लेषण

सम्बन्धित सामग्री सङ्कलन गरिसकेपछि सामग्रीलाई व्यवस्थित गरी सैद्धान्तिक मान्यताका आधारमा व्याख्या र विश्लेषण गरी निष्कर्ष निकालिएको छ । आवश्यकताअनुसार तालिकाको निर्माणसमेत गरिएको छ । आवश्यक तालिकाको अन्तिम रूप दिइसकेपछि त्यसको आधारमा सम्बन्धित पाठ्यपुस्तकका प्रत्येक व्याकरण अभ्यासहरूको विस्तृत अध्ययन गरिएको छ । व्याकरण अभ्यासहरूको अध्ययन तथा विश्लेषण गरेर प्राप्त तथ्यहरूको सङ्कलन गरिसकेपछि तथ्यहरूलाई विभिन्न वर्गमा विभाजन गरेर व्याख्या तथा विश्लेषण गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

शोधपत्रलाई निम्न बमोजिमका अध्यायमा व्यवस्थित गरिएको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : भाषा पाठ्यक्रम र भाषा पाठ्यपुस्तकको सैद्धान्तिक परिचय

अध्याय तीन : नमुना अभ्यासको सिद्धान्त

अध्याय चार : कक्षा आठको व्याकरणका अभ्यासहरूको व्याख्या तथा विश्लेषण

अध्याय पाँच : निष्कर्ष र सुझाव

सन्दर्भसूची

माथिका अध्यायहरूमा आवश्यकता अनुसार थपघट गर्न सकिनेछ ।

# अध्याय - दुई

## भाषापाठ्यक्रम र भाषापाठ्यपुस्तकको सैद्धान्तिक परिचय

### २.१ भाषापाठ्यक्रम

सर्वप्रथम त भाषा सिकाइका निम्ति निर्धारित गरिएका उद्देश्यहरूको उपलब्धितहसम्म पुग्नका लागि बनाइएको भाषाशिक्षणसम्बन्धी गोरेटो वा कार्यक्रमका रूपमा भाषापाठ्यक्रमलाई परिभाषित गर्न सकिन्छ । त्यसपछि क्रमशः विद्यालयका भाषा सिक्ने केटाकेटीहरू, भाषा सिकाउने कक्षाकोठाहरू, भाषा शिक्षणका आवश्यकीय भवनहरू र फर्निचरहरूलाई भाषापाठ्यक्रम मान्न सकिन्छ किनकि केटाकेटीहरूको अवस्था, उमेर, रूचि, आवश्यकता आदि अनुसार भाषापाठ्यक्रम निर्देशित हुन्छ साथै कक्षाकोठा, भवन र फर्निचर आदिको सहयोगले भाषाशिक्षणका वातावरण तथा व्यवस्थापन पक्षहरू निर्देशित हुन्छन् । त्यसैगरी भाषा सिकाइको वास्तविक लक्ष्य र अर्थ प्राप्त गर्ने साधनका रूपमा पनि यसलाई परिभाषित गर्न सकिन्छ । जुन साधन भाषा शिक्षणका विभिन्न प्रक्रियाहरूमा ढालिएर वास्तविकतामा पुगी दर्शनमा परिणत भएको हुन्छ ।

भाषा पाठ्यक्रमलाई बुँदागत रूपमा यसरी चिनाउन सकिन्छ :

- विद्यालयभित्र वा बाहिरको परिवेशमा भाषाशिक्षणका अपेक्षित उद्देश्य प्राप्त गर्न गरिने यावत् प्रयासहरूलाई भाषापाठ्यक्रम भनिन्छ ।
- भाषा सिक्ने विद्यार्थीहरूका सामाजिक, मानसिक, आध्यात्मिक तथा नैतिक विकासमा सहयोग पुग्ने विद्यालयभित्र र बाहिरका समग्र भाषिक अनुभवहरू एउटै कार्यक्रमका रूपमा भाषापाठ्यक्रममा समावेश भएका हुन्छन् ।
- भाषापाठ्यक्रम भनेको विद्यार्थीहरूलाई भाषिक दृष्टिले शिक्षण संस्था वा विद्यालयहरूमा शैक्षिक अनुभवहरू प्रदान गर्ने मानसिकताले तयार पारिएको सामाजिक समूहको एउटा ढाँचा हो ।
- भाषापाठ्यक्रम भनेको भाषाशिक्षकको त्यो साधन हो, जसको सहायताले उसले आफ्ना भाषिक उद्देश्यहरूअनुसार आफ्ना छात्रहरूलाई कुनै पनि रूपमा ढाल्न सक्छ ।
- भाषाशिक्षणको लक्ष्य हासिल गर्न बनाइएको कार्यक्रमलाई भाषापाठ्यक्रम भनिन्छ ।

उक्त विभिन्न भनाइहरूबाट के स्पष्ट हुन्छ भने भाषापाठ्यक्रम भनेको भाषा शिक्षणका सुनिश्चित उद्देश्यसम्म पुग्नका लागि तयार गरिएको एउटा व्यापक, व्यवस्थित तथा योजनावद्ध गोरेटो हो । यसले सुनिश्चित कार्यकलाप र प्रक्रियाहरू अँगालेर विद्यार्थीहरूमा भाषाशिक्षणका अपेक्षित उद्देश्यहरू हासिल गराउन समग्र भाषासिकाइ अनुभवहरूको दिग्दर्शन प्रस्तुत गरेको हुन्छ । भाषा स्वयम्मा सीपमूलक विषय भएकाले भाषापाठ्यक्रम पनि सीपमूलक प्रयोग अभ्यासमा केन्द्रित रहेको हुन्छ । भाषा सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता आधारभूत सीप र कलासँग सम्बद्ध भाषिक कार्यकलापहरूमा आधारित गराएर तयार गरिएको भाषा शिक्षण प्रशिक्षणको सङ्गठित स्वरूप नै भाषापाठ्यक्रम भएकाले यसको साधन पनि भाषा हुन्छ र साध्यवस्तु पनि भाषा नै रहेको हुन्छ (शर्मा र पौडेल, २०६० : २७०) ।

## २.२ भाषापाठ्यक्रमका प्रकार

भाषापाठ्यक्रमलाई विभिन्न आधारमा वर्गीकरण वा प्रकारमा विभाजन गर्न सकिन्छ । तीमध्ये निम्न प्रमुख आधारलाई रेखाचित्रद्वारा देखाउन सकिन्छ :

(स्रोत : शर्मा र पौडेल, २०६० : २७०)

## २.३ भाषापाठ्यक्रम निर्माणका सिद्धान्त

भाषा पाठ्यक्रम निर्माणका मुख्य रूपमा व्यवहारवादी सिद्धान्त र मनोवादी सिद्धान्त गरी दुई सिद्धान्त लोकप्रिय छन् ।

### २.३.१ व्यवहारवादी सिद्धान्त

भाषाको सिकाइ अनुभवमा आधारित हुन्छ भन्ने सिद्धान्त व्यवहारवादी सिद्धान्त हो । व्यवहारवादीहरूका अनुसार भाषा सिकाइमा बुद्धि वा मनको सक्रियता रहँदैन, प्रमुख माध्यम भनेको अनुभव नै हो । यस सिद्धान्तले सन् १९६० सम्म व्यापकता पाएको थियो (भण्डारी, २०६५ : १२९) ।

व्यवहारवादी सिद्धान्तमा मूल मान्यताहरूलाई निम्न बुँदामा प्रस्तुत गर्न सकिन्छ :

- भाषा उत्तेजनात्मक प्रतिक्रियाका रूपमा सिकिने कुरा हो ।
- भाषा सिकाइमा अभ्यास र पुनरावृत्तिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।
- भाषा सिकेर सिकिने कला वा सीपमूलक कुरा भएकोले यो बानी निर्माणमा आधारित हुन्छ ।
- सिकारुका भाषा सिकाइसम्बन्धी कार्यकलाप वा व्यवहारलाई सुनिश्चित गति प्रदान गर्न र सुनियोजित बनाउन नियन्त्रित किसिमको वातावरण आवश्यक पर्दछ ।

### २.३.२ मनोवादी सिद्धान्त

मनोवादीहरूले व्यवहारवादी सिद्धान्तले मानेका भाषासिकाइका मान्यताहरूलाई खण्डन गर्दै मानिसले जन्मजात रूपमा भाषा सिक्ने क्षमता राखेको हुन्छ भन्ने मान्यता अगाडि सारेका छन् । यस सिद्धान्तले भाषासिकाइमा बाह्य वातावरणको प्रभाव पर्ने कुरालाई स्वीकार गरेको छैन । साथसाथै यसले अभ्यास र पुनरावृत्तिलाई जोड दिएको छैन । यसले योजनाबद्ध सिकाइ क्रियाकलापलाई बेवास्ता गरेको छ (भण्डारी, २०६५ : १३१) ।

मनोवादी सिद्धान्तका मूल मान्यताहरूलाई निम्नलिखित बुँदामा प्रस्तुत गर्न सकिन्छ :

- भाषा सिक्ने वातावरण स्वतन्त्र किसिमको हुनुपर्दछ र त्यो सिकारुको समझ र ज्ञानमा आधारित हुनुपर्दछ ।
- नियन्त्रित वा सीमित वातावरण र सामग्रीको सहयोगले जीवन्त भाषा सिक्न सकिदैन ।

- भाषा प्रयोगका लागि जति स्वतन्त्र वातावरण सिकारुले पाउँछ उति उसले अर्थपूर्ण भाषाको प्रयोग गर्न सक्छ ।
- भाषा प्रयोगको अर्थपूर्णता कृतिम वातावरणभन्दा स्वतन्त्र वातावरणमा भाषा प्रयोग गर्न पाउने अवसरबाट सहज ढङ्गले प्राप्त हुन्छ ।
- अनुभव र व्यवहारबाट भाषा सिकाइ प्रक्रिया अनन्त हुने हुँदा केही उदाहरणबाट नियमको शिक्षण उपयुक्त हुन्छ जसबाट उत्पादनशील क्षमताको विकास हुन्छ (शर्मा र पौडेल, २०६० : २८६-८७) ।

## २.४ भाषापाठ्यक्रम निर्माणका प्रक्रिया

भाषापाठ्यक्रम भाषा सिकाइसम्बन्धी निर्दिष्ट लक्ष्यसम्म पुग्ने एउटा आधार हो । भाषा पाठ्यक्रम निर्माण गर्दा हामीले यसको आवश्यकतामाथि विश्लेषण गर्नु उपयुक्त हुन्छ । यस सम्बन्धमा हामीले त्यो पाठ्यक्रम कुन तहका लागि हो ? तहको आवश्यकता के छ ? कुन प्रयोजनका लागि हो ? भाषा सिकारुले कुन भाषाका रूपमा सिक्दैछ ? यी कुराहरूमा ख्याल गर्नुपर्दछ (आचार्य र गौतम, २०६५ : २६५) ।

भाषापाठ्यपुस्तक निर्माणका प्रक्रिया वा चरण निम्नलिखित रहेका छन् :

क) आवश्यकता विश्लेषण

ख) लक्ष्य र उद्देश्यको निर्धारण

ग) पाठ्यवस्तुको निर्धारण र प्रस्तुतिक्रम

घ) शिक्षण प्रक्रिया र

ङ) मूल्याङ्कन प्रक्रिया (शर्मा र पौडेल, २०६० : २८९) ।

## २.५ भाषापाठ्यपुस्तक

कुनै पनि पाठ्यपुस्तक सम्बन्धित विषयका पाठ्यक्रमका उद्देश्यअनुरूप लेखिएका वा तयार गरिएका हुन्छन् । भाषापाठ्यपुस्तक पनि सम्बन्धित तह र कक्षाको भाषापाठ्यक्रम अनुरूप तयार गरिएको पाठ्यपुस्तक हो । यो भाषा शिक्षण सिकाइका महत्त्वपूर्ण तथा आधिकारिक सामग्री हो । यसको सहयोगले विद्यार्थीहरू सम्बन्धित तह र कक्षाको भाषापाठ्यक्रम अनुरूपका भाषिक अपेक्षाहरू हासिल गर्दछन् । यसमा भाषापाठ्यक्रमका उपेक्षाअनुरूपका भाषिक पाठ्यांशहरूलाई विद्यार्थीको स्तर, अनुभव र सिकाइ

आवश्यकताहरू ख्याल गरेर सङ्गठित गरिएको हुन्छ । भाषा पाठ्यक्रमको कुनै उद्देश्य पूर्ति गर्न के पढ्ने, कति पढ्ने, कसरी पढ्ने, कस्तो अभ्यास गरेर पढ्ने, कुन अनुक्रममा पढ्ने आदि कुराहरूलाई आत्मसात गरेर भाषापाठ्यपुस्तक तयार गरिएको हुन्छ । विद्यार्थीलाई मात्र होइन भाषाशिक्षकलाई समेत यसले के पढाउने, कति पढाउने, कसरी पढाउने, कुन क्रममा पढाउने र के-कस्ता भाषिक अभ्यास गराउने भन्ने कुराको महत्त्वपूर्ण सोच र आधार प्रदान गर्दछ (शर्मा र पौडेल, २०६० : ३३९) ।

भाषापाठ्यपुस्तकको मुख्य प्रयोजन भाषाका विभिन्न सीप र समझको विकास गर्नु हो । भाषापाठ्यपुस्तकमा भाषा साधन र साध्य दुवै हुन्छ । यसमा विषयवस्तुगत र विभिन्न विविधता देख्न सकिन्छ । भाषापाठ्यपुस्तकमा सबभन्दा महत्त्वपूर्ण स्तम्भ भाषिक नमुना अभ्यास हुन आउँछन् (अधिकारी, २०५० : १४) ।

## २.६ भाषापाठ्यपुस्तकको प्रकृति

भाषापाठ्यपुस्तकको प्रकृतिलाई निम्नअनुसार बुँदामा प्रष्ट पार्न सकिन्छ :

- विविध विषयक्षेत्रमा प्रयुक्त हुने भाषिक सीप र समझको विकास गर्नु प्रमुख उद्देश्य,
- बहुविधात्मक विशेषता,
- विविध विषयक्षेत्रको व्यापकता,
- वस्तुपरक, भावात्मक, आत्मपरक तथा आलङ्कारिक शैली/विविध शैली,
- साहित्यिक र साहित्येत्तर दुवै अभिव्यक्ति,
- पाठ प्रस्तुतिमा विविधता,
- अभ्यासात्मक असीमितता र बहुलता,
- वैषयिक पहिचानात्मकता, तार्किकता र प्रयोगात्मकताका सँगसँगै भाषिक सीपपरक सृजनात्मक, उत्पादानात्मक, अभिनयात्मक र मौलिकता,
- भाषातत्त्व एवम् व्याकरणात्मक अभ्यासको अपरिहार्यता,
- प्रत्यक्ष रूपमा विविध विषयक्षेत्रका सामान्य एवम् प्राविधिक शब्दभण्डार तथा संरचनामा जोड (शर्मा र पौडेल, २०६० : ३४३) ।

## २.७ भाषापाठ्यपुस्तकको प्रयोजन

भाषापाठ्यपुस्तकको प्रयोजनलाई निम्नलिखित बुँदामा देखाउन सकिन्छ :

- शिक्षकलाई योजनाबद्ध र प्रभावकारी भाषाशिक्षण गर्न मद्दत पुऱ्याउनु,
- विद्यार्थीलाई स्तरयुक्त र आवश्यकीय भाषिक सीप विकासका पाठ्यसामग्री उपलब्ध गराउनु,
- विद्यार्थीमा शब्दभण्डार तथा संरचनात्मक क्षमताको अनुभव वृद्धि गर्नु,
- विद्यार्थीमा भाषिक शैलीसौन्दर्यको विकास गर्नु,
- विद्यार्थीहरूको व्यक्तित्व विकासमा मद्दत पुऱ्याउनु,
- निरन्तर भाषिक अभ्यासमा सरिक हुन प्रेरित गर्नु,
- भाषिक परीक्षण र मूल्याङ्कनमा मद्दत पुऱ्याउनु,
- भाषापाठ्यक्रम र पाठ्यसामग्रीको निर्माण, संशोधन र परिमार्जनमा सहयोग पुऱ्याउनु (शर्मा र पौडेल, २०६० : ३४४-४७) ।

## २.८ पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध

चाहे भाषापाठ्यक्रम र भाषापाठ्यपुस्तक होस् चाहे अन्य पाठ्यक्रम र पाठ्यपुस्तक, जुन भए पनि पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध अन्योन्याश्रित रहेको हुन्छ । जसलाई बुँदागत रूपमा यसरी देखाउन सकिन्छ :

| क.सं. | पाठ्यक्रम | क.सं | पाठ्यपुस्तक |
|---|---|---|---|
| ज्ञ | यसमा शिक्षणका राष्ट्रिय, तहगत, कक्षागत र विषयगत अङ्कन हुन्छ । | ज्ञ | यसमा पाठ्यक्रमका शिक्षण उद्देश्य पूरा गर्न सघाउ पुऱ्याउने आधिकारिक पाठ्यसामग्री क्रमबद्ध प्रस्तुति हुन्छ । |
| द्द | यो शिक्षण सिकाइको मूल निर्देशक वा योजना हो । | द्द | यो निर्देशन वा योजना पूरा गर्न सहयोग पुऱ्याउने साधन हो । |
| घ | यो सैद्धान्तिक वा दार्शनिक किसिमको हुन्छ । | घ | यो व्यवहारिक एवम् प्रायोगिक प्रस्तुतिमा आधारित हुन्छ । |
| द्ध | यसमा उद्देश्य अनुरूपका शिक्षण योग्य विषयवस्तुहरूको छनोट क्षेत्र र | द्ध | यसमा छनोट क्षेत्रको सीमा र स्तरणमा आधारित विषयवस्तुहरूको |

| | | | |
|---|---|---|---|
| | स्तरणीकृत सूची प्रस्तुत गरिएको हुन्छ । | | विस्तृत, व्यवस्थित र सङ्गठित प्रस्तुति हुन्छ । |
| छ | यसले दार्शनिक वा सैद्धान्तिक निर्देशन गर्दछ । | छ | यसले दार्शनिक एवम् सैद्धान्तिक निर्देशनहरूलाई स्पष्ट व्याख्या गर्दछ । |
| ट | यसले अभ्यासात्मक कार्यकलापहरूको निर्देशन गर्दछ । | ट | यसले अभ्यासात्मक कार्यकलापहरूको स्पष्ट व्याख्या गर्दछ । |
| ठ | यसले शिक्षण प्रक्रिया एवम् विधिहरूको सूचना गर्दछ । | ठ | यसले पाठ्यक्रमद्वारा सूचित शिक्षण प्रक्रिया एवम् विधिहरूको प्रायोगिक अवतरण गर्दछ । |
| ड | यसले शिक्षण सामग्रीहरूको प्रयोग, निर्देशन र उपयोगको व्यवस्था गर्दछ । | ड | यसले निर्देशित शिक्षण सामग्रीहरूको व्यवहारिक गर्दछ । |
| ढ | यसले मूल्याङ्कनका सैद्धान्तिक धारणा प्रस्तुत गर्दछ । | ढ | यसले मूल्याङ्कनका सैद्धान्तिक धारणाहरूलाई व्यावहारिक उपयोग गर्दछ । |
| ज्ञण | यसले शिक्षण समयभार र विषयवस्तुगत अङ्कभार प्रस्तुत गर्दछ । | ज्ञण | यसले प्रस्तुत समयभार र अङ्कभारको व्यावहारिक उपयोग गर्दछ । |
| ज्ञज्ञ | यसले शिक्षणका निम्ति विभिन्न सन्दर्भसामग्रीहरूको निर्देशन गर्दछ । | ज्ञज्ञ | यसले निर्देशित सन्दर्भसामग्रीहरूको उपयोग गर्दछ । |
| ज्ञद्द | यसले शिक्षणका राष्ट्रिय आवश्यकताहरूको पहिचान र विश्लेषण गरी आफ्नो स्वरूप निर्माण गर्दछ । | ज्ञद्द | यसले शिक्षणका राष्ट्रिय आवश्यकता तथा पाठ्यक्रमको अपेक्षित मर्मलाई पूरा गर्नेगरी आफ्नो स्वरूप निर्माण गर्दछ । |
| ज्ञघ | भरपर्दो सहयोगी सामग्री विना यो लङ्गडो र प्राणहीन बन्दछ । | ज्ञघ | पाठ्यक्रमको निर्देशन पालनाविना यो अस्तित्वहीन बन्दछ । |

(शर्मा र पौडेल, २०६० : ३५५)

यसरी उल्लिखित विभिन्न बुँदाहरूका आधारमा पाठ्यक्रम पाठ्यपुस्तकको सम्बन्ध देखाउन सकिन्छ । भाषापाठ्यपुस्तक र भाषापाठ्यक्रमको आपसी सम्बन्ध र अन्योन्याश्रितताालाई उक्त बुँदाका आधारमा पहिचान गरी भाषापाठ्यपुस्तक भाषापाठ्यक्रमको मर्मअनुरूप प्रभावकारी, उपयोगी तथा सान्दर्भिक हुनुपर्ने कुरामा सङ्कारहित विश्वास गर्न सकिन्छ ।

## २.९ कक्षा आठको पाठ्यक्रमले तोकेका नेपाली पाठ्यपुस्तकका विधाको क्षेत्र

| क.सं | विधा | विधाको क्षेत्र |
|---|---|---|
| ज्ञ | प्रबन्ध / निबन्ध | क) सामाजिक/सांस्कृतिक (ख) प्राकृतिक वातावरणीय ग) कलात्मक (घ) वैज्ञानिक/प्राविधिक (ङ) व्यावसायिक |
| द्द | कथा | क) लोककथा (ख) नीतिकथा (ग) पौराणिक कथा (घ) आधुनिक कथा |
| घ | जीवनी | क) साहित्यकार/कलाकार (ख) आविष्कारक (ग) विद्वान-विचारक (घ) प्रेरक व्यक्तित्व |
| द्ध | चिठी | (क) घरायसी (ख) कार्यालयीय |
| छ | रूपक | क) संवाद / एकाङ्की (ख) वादविवाद |
| ट | कविता | क) छन्दलय (ख) लोकलय (ग) गीतिलय (घ) मुक्तलय |
| ठ | व्याकरण | |
| | अ) पदसङ्गति | क) लिङ्ग (ख) वचन (ग) पुरुष (घ) आदर |
| | आ) काल | क) वर्तमान (ख) भूत (ग) भविष्यत |
| | इ) पक्ष | क) सामान्य (ख) अपूर्ण (ग) पूर्ण (घ) अभ्यस्त (ङ) अज्ञात |
| | ई) अर्थ वा भाव | क) सामान्यार्थ (ख) आज्ञार्थ (ग)इच्छार्थ (घ) सम्भावनार्थ |
| | उ) वाक्य परिवर्तन | क) लिङ्ग, वचन, पुरुष, अकरण, काल र पक्षका आधारमा |
| | ऊ) वाच्य परिवर्तन | क) कर्तृवाच्य (ख) कर्मवाच्य (ग) भाववाच्य |
| | ए) शब्दवर्ग | क) नाम (ख) सर्वनाम (ग) विशेषण (घ) क्रियापद (ङ) क्रियायोगी (च) नामयोगी (छ) संयोजक (ज) निपात (झ) विस्मयादिबोधक |

| | | |
|---|---|---|
| | ऐ) कारक र विभक्ति | क) कारक (कर्ता, कर्म, करण, सम्प्रदान, अपादन, अधिकरण) (ख) विभक्ति (ले, लाई, द्वारा, को, का, की, रो, रा, री, नो, ना, नी, देखि, बाट, मा) को प्रयोग |
| | ओ) लेख्य चिह्न | (क) पूर्णविराम (ख) प्रश्नचिह्न (ग) अल्पविराम (घ) उद्गार चिह्न (ङ) योजक चिह्न (च) कोष्ठकचिह्न (छ) उद्धरण चिह्न (ज) निर्देशचिह्न |
| | औ) वर्णविन्यास | (क) हृस्वदीर्घ (इ,ई उ, ऊ) (ख) ञ/ण/न (ग) य/ए (घ) श/ष/स (ङ) ग्यँ/ज्ञ (च) रि/ऋ (छ) छ/क्ष (ज) शिरबिन्दु/ चन्द्रबिन्दु (झ) विसर्ग (ञ) पदयोग/पदवियोग |
| ङ | शब्दभण्डार र उखान टुक्का (पाठमा प्रयुक्त शब्दहरूका सबै उखान टुक्काहरू समेत) | (क) पर्यायवाची (ख) विपरीतार्थक (ग) श्रुतिसमभिन्नार्थक (घ) अनेकार्थक (ङ) पारिभाषिक/प्राविधिक (च) अनुकरणात्मक (छ) उखान टुक्का |

(न्यौपाने, २०६६ : १२६)।

## २.१०. कक्षा आठको नेपाली विषयको विशिष्ट उद्देश्य

### २.१०.१ सुनाइ र बोलाइ

१) उच्चरित ध्वतिहरूको भिन्नता पहिल्याउन र सोही अनुरूप उच्चारण गर्न,

२) शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न,

३) अरूले वर्णन गरेका कुराहरू बुझी आफ्नो शब्दमा व्यक्त गर्न,

४) आफूले देखेसुनेका र पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिलामिलाई मौखिक वर्णन गर्न,

५) विभिन्न किसिमका वर्णन तथा अभिव्यक्तिहरू सुनी तिनका मुख्य कुराहरू भन्न,

६) साहित्यिक विधाका पाठहरू आनन्द लिने गरी सुन्न र प्रतिक्रिया जनाउन,

७) मौखिक अभिव्यक्ति सुन्ने क्रममा प्रयुक्त हाउभाउ चेष्टा, अभिनय आदि ख्याल गर्न,

८) कुराकानी, प्रश्नोत्तर, संवाद, वादविवाद, छलफल जस्ता मौखिक अभिव्यक्ति ध्यानपूर्वक सुनी तिनमा भाग लिन,

९) भन्न चाहेका कुरालाई शिष्ट भाषा प्रयोग गरी हाउभाउपूर्ण र प्रभावकारी ढङ्गले व्यक्त गर्न ।

### २.१०.२ पढाइ

१) लिखित सामग्रीलाई गति, यति मिलाई शुद्ध र स्पष्टसँग सस्वर वाचन गर्न,

२) पाठहरू पढी तिनका मुख्यमुख्य कुराहरू बुझेर बताउन,

३) पाठमा व्यक्त भावअनुसार लय, सुर र आघात मिलाई पढ्न,

४) विभिन्न उद्देश्यले लिखित सामग्रीहरूको मौनवाचन गर्न,

५) साहित्यिक विधाका पाठहरू आनन्द लिनेगरी पढ्न र प्रतिक्रिया जनाउन,

६) विभिन्न प्रयोजनका लागि प्रबन्ध/निबन्ध, जीवनी, कथा आदि पढ्न,

७) पठित शब्दहरूको सन्दर्भपूर्ण प्रयोग गर्न,

८) उखान टुक्काहरूको अर्थबुझी उपयुक्त ढङ्गले प्रयोग गर्न,

९) विभिन्न विधाका पाठहरू पढी शब्दभण्डार वृद्धि गर्न ।

### २.१०.३ लेखाइ

१) हिज्जे र वाक्य गठन मिलाई सफा र शुद्धसँग लेख्न,

२) विभिन्न चिह्नको उपयुक्त ढङ्गले प्रयोग गर्न,

३) आफूले देखेसुनेका र पढेका वस्तु वातावरण तथा घटनाका विषयमा लिखित वर्णन गर्न,

४) शब्द, वाक्य र पाठका अंशहरू सुनेर लेख्न,

५) सुनेका र पढेका विषयहरूको सारांश लेख्न,

६) पाठका विशिष्ट अंशहरूको भावविस्तार गर्न,

७) विभिन्न विषयहरूमा (अनुच्छेद, चिठी, निवेदन आदि) सिलसिला मिलाइ लेख्न,

८) आफ्ना रूचि अनुसारका विषयमा मौलिक रचना गर्न,

९) स्तर अनुसारका विषयहरूमा सिलसिला मिलाएर प्रबन्ध लेख्न,

१०) व्याकरणका आधारभूत तत्त्व बुझी तिनको उपयुक्त प्रयोग गर्न ।

(न्यौपाने, २०६६ : १२४) ।

# अध्याय - तीन

# नमुना अभ्यासको सिद्धान्त

## ३.१ नमुना अभ्यासको परिचय

नमुना अभ्यासलाई चिनाउने क्रममा नेपाली बृहत् शब्दकोश (२०४०) ले यसरी उल्लेख गरेको पाइन्छ - "कुनै पाठ्य विषयमा निरन्तर दोहोर्‍याई तेहेर्‍याइ गरेर पूर्ण ज्ञान प्राप्त गर्नु वा कुनै कार्यको व्यावहारिक पक्षतिर विशेषरूपमा बारम्बार मेहनत गर्नु ।" यस अर्थलाई हेर्दा नमुना अभ्यासको सिकाइलाई सिक्ने क्रममा निरन्तर लागिरहने कुरामा जोड दिएको स्पष्ट हुन्छ । सिकाइलाई प्रभावकारी एवम् उपलब्धिमूलक बनाउनका लागि पुनरावृत्ति आवश्यक छ, जुन पुनरावृत्तिको व्यवस्था नमुना अभ्यासले गरेको हुन्छ ।

हरेक भाषालाई व्यवस्थित र सूत्रवद्ध गर्नका लागि सोही अनुकूलको व्याकरणको व्यवस्था हुन्छ, जसले भाषाको संरचनागत ज्ञान हासिल गर्नका लागि मद्दत पुर्‍याउँछ । यसका साथै सैद्धान्तिक ज्ञान गर्न सोसम्बन्धी अवधारणा निर्माण गर्न व्याकरणको अध्ययनले मद्दत गर्दछ तर यसबाट भाषिक सीप आर्जन गर्न भाषाको प्रयोग क्षमता विस्तार गर्न उत्ति भरपर्दो सहयोग प्राप्त हुँदैन । यसरी हेर्दा भाषिक सीप र प्रयोग क्षमतामा दक्षता हासिल गर्नका लागि अभ्यास महत्त्वपूर्ण हुन्छ । अतः भाषिक सीप सिकाइमा सकारात्मक भूमिका निर्वाह गर्नका लागि भाषा पाठ्यपुस्तकका हरेक पाठको अन्त्यमा दिइएका सिकाइसँग सम्बन्धित अभ्यासलाई नै नमुना अभ्यास भनिन्छ (पौडेल, २०५९ : ८) ।

पाठ्यविषयको सवलीकरण बोध स्वयम् नया सामग्रीको प्रयोग गरी सीप विकास गराउन अभ्यास महत्त्वपूर्ण हुन्छ । शिक्षणीय सामग्रीको विकास गर्ने दृष्टिले नमुना अभ्यासमा आवश्यक क्रियाकलापको व्यवस्था साङ्केतिक रूपमा गरिएको हुन्छ । नमुना अभ्यासले सिकारुलाई मानसिक रूपले सक्रिय बनाउँछ । अभ्यासमा प्रश्नहरू के ? किन ? कति ? कसरी ? को ? कुन ? कहाँ ? आदिको माध्यमबाट सोधिएको पाइन्छ । भाषा

पाठ्यपुस्तकमा राखिएका यस्ता प्रश्नहरू भाषिक सीपको विकास गर्ने अभिप्रायका हुनुपर्छ। भाषाका विविध पत्रहरू शिक्षण गरेपछि बालकले/विद्यार्थीले उक्त विषयमा के कतिको ज्ञान हासिल गर्यो भन्ने कुराको मूल्याङ्कन पनि अभ्यासबाटै गर्न सकिन्छ। जस्तै : कविताको लयबोध शिक्षण गराउँदा विद्यार्थीलाई लय हालेर कविता वाचन गर्न अभ्यास गराउनु पर्दछ। अन्यथा त्यो लयबोध शिक्षण मरुभूमिको बालुवामा खनाएको एक थोपा पानी झैँ निरर्थक हुन्छ। चिठीलेखन शिक्षणपछि विद्यार्थीहरूलाई चिठी लेख्ने अभ्यास गराइएन भने त्यो आइसक्रिमको टुक्रो देखाएर हिमाल भनेको यही हो भनेर चिनाउनु जस्तै हुन्छ। यसरी भाषा शिक्षणमा अभ्यास मानव मुटुमा रगतझैँ आवश्यक र महत्त्वपूर्ण छ (ढुङ्गेल र दाहाल, २०५७ : १२)।

भाषापाठ्यपुस्तकमा विषयवस्तुको ज्ञानका साथै भाषिक सीपको विकास गर्नुपर्ने भएकाले सोसँग सम्बन्धित अभ्यासहरू पर्याप्त मात्रामा चयन गरिनुपर्दछ। नमुना अभ्यासको स्तर कक्षाको स्तर, विद्यार्थीको क्षमता, रूचि र सिकाइ प्रकृति अनुरूप तय गरिएको हुनुपर्दछ। सरलदेखि जटिलताको क्रममा अभ्यासहरूलाई स्तरीकृत गरिएको हुनुपर्दछ। पहिचानात्मक किसिमका मात्र नभई प्रयोगात्मक तथा उत्पादनात्मक अभ्यासहरूको पनि आवश्यक सन्तुलन मिलाइएको हुनुपर्दछ। स्तर र आवश्यकता हेरी सुनाइ, बोलाइ, पढाइ, लेखाइ सबैको सन्तुलित अभ्यास हुने गरी व्यवस्था मिलाउनु पर्दछ। अभ्यासहरू पनि एउटै प्रकारका नभइ पर्याप्त विविधतामूलक हुनु जरूरी छ। पाठको प्रकृति र प्रस्तुति ढाँचासँग मेल खानेगरी क्रमशः मौखिक-लिखित र प्रयोगात्मक अभ्यासको व्यवस्था मिलाउनु पर्दछ साथै सम्बन्धित पाठबाट उपयुक्त व्याकरणात्मक अभ्यासको व्यवस्था गरिनुपर्दछ। शब्द भण्डारगत अभ्यास र सिर्जनात्मक प्रकृतिका अभ्यासहरूको पनि आवश्यक तर्जुमा र व्यवस्था मिलाइनुपर्दछ (शर्मा र पौडेल, २०६० : ३६३)।

## ३.२ नमुना अभ्यासमा समावेश गरिने प्रश्नका किसिम

सामान्यतः प्रश्नहरू निर्माणात्मक र निर्णयात्मक गरी दुई प्रकृतिका हुन्छन्। निर्माणात्मक प्रश्नले विद्यार्थीको असल बानी निर्माणमा सहयोग पुर्याउँदै सिकाइप्रति निरन्तर क्रियाशिल बन्न प्रेरित गर्दछ। निर्णयात्मक प्रश्नहरू खास निर्णय लिन वा सिकाइ क्षमताको मापन गरी श्रेणीकरण गर्न र कुनै कक्षा वा तहको विद्यार्थीलाई निर्धारित मापदण्डका आधारमा माथिल्लो कक्षा वा तहमा जान अनुमति लिने वा नदिने निर्णय

लिनका लागि उपयोग गरिन्छ । यस अध्ययनमा उल्लेख भएको नमुना अभ्यासको अध्ययनले निर्माणात्मक प्रश्नहरूको अध्ययन गर्ने उद्देश्य रहेकाले सोही बमोजिमको अध्ययन विश्लेषण गर्ने प्रयास गरिएको छ ।

भाषापाठ्यपुस्तकमा नमुना अभ्यासका लागि निर्माण गरिने प्रश्नहरू निम्नानुसार प्रकृतिका र ढाँचामा रहेका पाइन्छन्, जसको सङ्क्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ :

### ३.२.१ विषयवस्तुमा आधारित प्रश्न

भाषा शिक्षणका दृष्टिले भाषापाठ्यपुस्तकमा समावेश गरिएको पाठ्यवस्तु गौण हुन्छ र भाषिक सीप प्रमुख हुन्छ । तर भाषिक सीप आर्जन गर्न विषयवस्तु अपरिहार्य हुन्छ, अर्थात् भाषा सिक्ने आधारतत्त्वको रूपमा विषयवस्तुलाई स्विकारिएको पाइन्छ । सिकाइको दायरा फराकिलो पार्न र यसबाट पुनरावृत्तिको अवसर दिलाउन अभ्यासहरूको निर्माण हुन्छ, जसको आधार पनि विषयवस्तु नै हो । अतः अभ्यासका प्रश्नहरू खासगरी बोध, तर्कपूर्ण अभिव्यक्ति, व्याख्या, समीक्षा, भावार्थ रचना जस्ता कुराको प्रतिनिधित्व गराउनका लागि विषयवस्तुको सहयोग लिनुपर्ने हुन्छ ।

विषयवस्तुका आधारमा निर्माण गरिने प्रश्नहरू बोध र अभिव्यक्ति गरी दुई क्षेत्रबाट नियाल्न सकिन्छ । बोधअन्तर्गत वस्तुगत र विषयगत अनि अभिव्यक्तिअन्तर्गत् विषयगत प्रकृतिका प्रश्नहरू हुने गर्दछन् ।

### ३.२.२ भाषिक सीपमा आधारित प्रश्न

भाषिक सीप भन्नाले भाषाका चार कुशलता सुनाइ, बोलाइ, पढाइ, लेखाइलाई बुझिन्छ । भाषाका बोध र अभिव्यक्तिसँग सम्बद्ध विविध सीपहरूको प्रतिनिधित्व गर्ने प्रश्न नै भाषिक सीपसँग सम्बन्धित प्रश्न हुन् । बोधअन्तर्गत सुनाइ र पढाइ सीप सम्बन्धित हुन्छन् भने अभिव्यक्तिसँग बोलाइ र लेखाइ । पाठ्यक्रमले कुनै सीपलाई बढी र कुनै सीपलाई कम जोड दिएको भए पनि अभ्यास निर्माण गर्दा चारै सीपलाई सन्तुलित रूपमा विकास गर्ने अवसरको मार्ग प्रशस्त गर्नु वाञ्छनिय हुन्छ । नमुना अभ्यास निर्माण गर्दा विशेषगरी विद्यार्थीको शैक्षिक स्तरलाई ध्यानमा राखी तल्लो कक्षामा मौखिक अभिव्यक्तिको सीपलाई बढी जोड लिनुपर्दछ । कक्षाको तह वा स्तर वृद्धिसँगै माथिलला कक्षाहरूमा लेख्न

सीपको विकास हुँदै जाने हुँदा आवश्यकताअनुसार माथिल्ला कक्षाहरूमा लेखाइ सीपलाई जोडदिँदै लगिनु सान्दर्भिक र व्यवहारिक हुन्छ ।

### ३.२.३ प्रश्नका स्वरूप

भाषापाठ्यपुस्तकमा निर्धारित सामग्री तथा भाषिक सीपको प्रकृतिका आधारमा एउटै पाठमा पनि विविध प्रकारका प्रश्नहरूको निर्माण तथा संयोजन गरी प्रस्तुत गरिन्छ । निबन्धात्मक सङ्क्षिप्त उत्तरात्मक र वस्तुगत गरी तीन प्रकारका प्रश्नहरू नमुना अभ्यासका लागि विशेष प्रचलित छन् । विविध प्रकारका प्रश्नहरूको उपयोगले शिक्षण सिकाइलाई सरल, सहज, प्रभावकारी र चिरस्थायी समेत बनाउन सकिन्छ ।

नमुना अभ्यासलाई उद्देश्यमूलक, व्यवहारिक एवम् उपयोगी बनाउनका लागि उपयोग गरिने विभिन्न स्वरूपका प्रश्नहरूलाई निम्नानुसार सङक्षिप्त चर्चा गरिएको छ :

### ३.२.३.१.निबन्धात्मक प्रश्न

सुसंगठित लिखित अभिव्यक्ति रचनाको परीक्षणका लागि विशेषता निबन्धात्मक प्रश्नहरूलाई उपयोगमा ल्याइन्छ । निबन्धात्मक प्रश्नहरू सामान्यतः एकभन्दा बढी अनुच्छेदमा लेखिने गरिन्छन्, यस्ता प्रश्नअन्तर्गत दैनिकी, चिठी, प्रतिवेदन, वर्णन आदि पर्न आउँछन् । निबन्धात्मक प्रश्नले निम्नलिखित कुरा भएको संश्लिष्ट सीपको परीक्षण गर्दछ :

- वाक्यरचनागत उपयुक्तता,
- शब्दप्रयोगगत उपयुक्तता
- वैचारिक सिलसिलाबद्धता, अनुच्छेद गठन, प्रवाहमयता,
- वर्णविन्यास, विरामचिह्न प्रयोग, किनारा छोडाइ, सफाइ आदि,
- विषयवस्तुको प्रासङ्गिकता ।

निबन्धात्मक प्रश्न नियन्त्रित वा सङ्केतात्मक रचना र स्वतन्त्र रचना दुई किसिमका हुन्छन् । नियन्त्रित रचनामा कुनै विषय शीर्षक दिएर सोसँग सम्बन्धित खास-खास बुँदाहरू समेत दिएर लेख्न लगाइन्छ भने स्वतन्त्र रचनामा खास विषयमा बुँदाहरू नदिई स्वतन्त्र रूपमा रचना गर्न लगाइन्छ ।

### ३.२.३.२ सङ्क्षिप्त उत्तरात्मक प्रश्न

भाषाको परीक्षणका क्रममा छोटो उत्तर आउने प्रश्नहरूलाई विभिन्न प्रयोजनका लागि उपयोग गर्न सकिन्छ । रचना, बोध, व्याकरण तत्त्व (धारणा र प्रयोग), वर्णविन्यास (धारणा र प्रयोग), वाक्यरचना, शब्दार्थ, शब्दप्रयोग आदि विभिन्न कुराको परीक्षणमा संक्षिप्त उत्तरात्मक प्रश्नहरूको उपयोग गर्न सकिन्छ ।

सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू लिखित र मौखिक दुवै मुक्तिका लागि उपयोगी हुन्छन् । यस्ता प्रश्नहरूको उत्तर एक शब्द वा वाक्यदेखि लिएर अधिकमा एक अनुच्छेदसम्मको हुन्छ ।

### ३.२.३.३ वस्तुगत प्रश्न

वस्तुगत प्रश्नहरूको सबभन्दा ठूलो विशेषता एकपल्टमा एउटा कुराको मात्र परीक्षण गर्नु हो । यस्ता प्रश्नहरू अभिव्यक्ति सीपको परीक्षणमा प्रत्यक्ष : उपयोगी ठानिँदैनन् तर बोध, उच्चारण, शब्दार्थ, शब्दप्रयोग, वर्णविन्यास र व्याकरण तत्त्वहरूको मुख्यतः पहिचानात्मक परीक्षणका लागि वस्तुगत प्रश्नहरूलाई उपयोगमा ल्याउन सकिन्छ । भाषा शिक्षणमा उपयोग गरिने, वस्तुगत रूपमा प्रचलित केही प्रश्नहरूको यहाँ उल्लेख गरिन्छ :

**अ) बहुवैकल्पिक प्रश्न**

प्रश्नहरूका साथै तिनका उत्तरहरू विकल्पका साथ प्रस्तुत गरिने प्रश्नलाई बहुविकल्पी प्रश्न भनिन्छ । यसमा चारदेखि पाँच ओटा विकल्पहरू दिइएको हुन्छ । यस्ता प्रश्नहरू श्रुतिबोध र पठनबोध परीक्षणमा उपयोगी हुन सक्छन् साथै व्याकरणात्मक तत्त्व (वाक्यतत्त्व, शब्दभेद, शब्दनिर्माण आदि) वर्णविन्यास, शब्दार्थ आदिको धारणात्मक ज्ञानका साथै प्रयोगात्मक सुझ ठम्याउन यस्ता प्रश्नहरूलाई उपयोगमा ल्याउन सकिन्छ ।

**आ) खालीठाउँ भर्ने प्रश्न**

खाली ठाउँ भर्ने प्रश्नहरूमा एउटा पूर्ण वाक्यबाट कुनै शब्द वा वाक्यांश झिकिएको हुन्छ । विद्यार्थीको उक्त खाली ठाउँमा मिल्ने शब्द भर्नुपर्ने हुन्छ । खाली ठाउँ भर्ने प्रश्नहरू तीन किसिमका हुन्छन् :

- खुल्ला प्रकृतिका खाली ठाउँ भर्ने प्रश्न
- बहुवैकल्पिक प्रकृतिका खाली ठाउँ भर्ने प्रश्न
- जोड मिलाउने प्रकृतिका खाली ठाउँ भर्ने प्रश्न ।

### इ) जोडा मिलाउने प्रश्न

दुई समूहमा एक अर्कासँग जोड मिलाउने प्रश्न भनिन्छ । जोडा मिलाउने प्रश्नमा दुईवटा स्तम्भहरू हुन्छन् । एउटा स्तम्भमा भएको कुरासँग जोडा मिल्ने कुार अर्को समूहमा खोज्नुपर्ने हुन्छ । भाषिक मूल्याङ्कनमा शब्दार्थ, वाक्यसङगति, लिङ्ग, कारक र विभक्ति, शब्दवर्ग, घटना, विधि, मिति जस्ता कुराहरूको परीक्षण गर्न जोडा मिलाउने प्रश्न उपयोगी हुन्छन् ।

### ई) ठीक-बेठीक छुट्याउने प्रश्न

दिइएका भनाइ वा वाक्य सत्य-असत्य, ठीक-बेठीक हो वा होइन छुट्याउने प्रश्नलाई ठीक बेठीक छुट्याउने प्रश्न भनिन्छ । भाषिक मूल्याङ्कनमा यस प्रकारका प्रश्नहरूको प्रयोग श्रतिबोध र पठनबोधका साथै वाक्यगठन, शब्दप्रयोग क्षमताको परीक्षण गर्नका लागि गरिन्छ ।

## ३.३ भाषामा व्याकरणको स्थान

व्याकरण संस्कृत भाषाको स्रोतबाट नेपाली भाषामा आएको शब्द हो । शब्द र भाषाको वर्णन गर्ने र संरचना केलाउने शास्त्र नै व्याकरण हो । यसलाई भाषाको नियम भनिन्छ । प्रत्येक भाषाका व्याकरणिक नियमहरू छन् । नेपाली भाषाका पनि व्याकरणका वर्णविन्याससम्बन्धी व्यवस्था, पदक्रम, पदवर्ग, शब्दनिर्माण प्रक्रिया, कारक, विभक्ति, वाक्य संरचना, पदसङ्गति, वाक्यान्तरण आदिसँग सम्बन्धित व्याकरण नियमहरू छन् ।

व्याकरणका नियमहरू सैद्धान्तिक रूपमा नजान्नेले पनि भाषा जानेकै हुन्छ । व्याकरणको नियमको बारेमा जान्नेले पनि भाषा नजान्ने पनि हुनसक्छ । शुद्ध भाषा बोल्न जान्ने अथवा नजान्नेका लागि अभ्यासको आवश्यकता पर्दछ । भाषाको शुद्ध प्रयोग गर्न त्यस भाषाको व्यावहारिक अभ्यासमा जोड दिनै पर्छ । भाषाका शुद्ध रूप पत्ता लगाउन व्याकरणका नियमहरूको सैद्धान्तिक ज्ञान हुनुपर्छ । त्यही नियमहरूका आधारमा भाषाको शुद्ध रूप पत्ता लगाइन्छ । व्याकरणिक नियमका आधारमा भाषाको ज्ञान गर्न सकिन्छ । नेपाली व्याकरणमा अन्य देशबाट आएका आगन्तुक नियमहरू सरसापट लिएका हुनाले

कतिपय दुर्वोध र जटिल पनि छन् । भाषालाई सरल र सहज तरिकाले परिवर्तन गराएर सबैले बुझ्ने गरी तयार पार्नुपरेको छ ।

व्याकरणका नियमहरू कुनै व्यक्ति विशेषले बनाउने नभएर भाषाको सृजनासँगै आफैँ बनेको हुन्छ । भाषामा आफैँभित्र भएका नियमहरूलाई केलाएर सरल रूपमा ती नियमहरू लेख्ने व्याकरणकारको आवश्यकता परेको पाइन्छ । व्याकरण शिक्षणलाई गतिशील एवम् प्रभावकारी बनाउने उद्देश्यले अभ्यासहरूको निर्माण गराएको पाइन्छ (अधिकारी, २०४६ : २५०) ।

सिकाइका अभ्यासको विशेष छुट्टै महत्त्व रहेको छ । नमुना अभ्यासहरूको प्रयोगले पाठ्यांशमा खास औचित्य रहेको कुरा झल्किन्छ । यसको व्यावहारिक प्रयोग औपचारिक रूपमा परम्परादेखि गरिँदै आएको छ । प्रत्येक तहमा तहगत रूपमा उद्देश्यअनुरूप व्याकरण अभ्यासको प्रयोग गरेको पाइन्छ । व्याकरणको सैद्धान्तिक ज्ञानलाई अभ्यासले व्यावहारिक बनाउँछ । शिक्षणलाई प्रभावकारी एवम् व्यवस्थित तयारी र मूल्याङ्कनको लागि अभ्यासको भूमिका रहेको हुन्छ । व्याकरण शिक्षणको लागि निर्देशन मात्र नभई सङ्कलित विषयको निरन्तर अभ्यास गराएर भाषिक सीपको वृद्धि गर्नुपर्ने हुन्छ । व्याकरणका अभ्यासहरूको निर्माण गर्दा पाठ्यक्रमका शैक्षिक उद्देश्यलाई समेटेको हुनुपर्दछ ।

भाषापाठ्यपुस्तकमा समावेश गरेका नमुना अभ्यासबाट नै व्याकरण शिक्षण गर्न सकिन्छ । व्याकरण अभ्यासका लागि अलग्गै पाठ्यपुस्तकको व्यवस्था नगराई आवश्यक निर्देशन परीक्षण, पुनरावृत्ति, गृहकार्य, प्रोत्साहन आदि कुरामा सहयोग गर्नको निम्ति भाषापाठ्यपुस्तकमा पाठका अन्त्यमा अभ्यासहरू समावेश गराएर पाठ्यक्रमले निर्दिष्ट गरेको उद्देश्य सफल पार्ने जमर्को गरेको छ । हालसम्म भाषिक नमुना अभ्यासले शिक्षक र विद्यार्थी दुवैलाई मार्गनिर्देशन गरेको पाइन्छ । यसरी राखिएका विधाहरू पाठको संरचनासँग मिल्ने हुनुपर्छ । शिक्षणीय भाषामा ढाँचा र अनुभवको आधारमा अर्कोभाषा सिक्ने दृष्टिकोणहुँदा शिक्षणीय भाषाको आर्जनमा व्याकरण अभ्यासले सकारात्मक भूमिका निर्वाह गर्दछ ।

अभ्यासलाई सिकाइ क्रियाकलापको आधारको रूपमा लिइन्छ । सिकाइ अभ्यास र पुनरावृत्तिबाटै संभव हुन्छ । व्याकरणको अध्ययनले भाषा संरचनाको पनि ज्ञान हुन्छ । व्याकरण दक्षता हासिल गर्न अभ्यास अनिवार्य छ (अधिकारी, २०४६ : २५८) ।

शरीरमा नसाको महत्त्व भएझैँ भाषाको लागि व्याकरणको महत्त्व हुन्छ । व्याकरणिक सुझ र व्यवहार तथा विशुद्ध प्रयोग अभ्यासहरूबाट व्याकरणसम्मत शुद्ध भाषाको प्रयोग गर्न सकिन्छ । त्यसैले भाषा शिक्षणमा व्याकरणलाई पनि एक महत्त्वपूर्ण भाषिक विषयवस्तुका रूपमा ग्रहण गरेर शिक्षण गर्ने गराउने प्रचलन रहेको छ ।

भाषावैज्ञानिकहरू व्याकरणलाई भाषाविज्ञानको एक महत्त्वपूर्ण एवम् मूलभूत अङ्गका रूपमा स्वीकार्छन् र यसैका सहायताले भाषाका रूपगत एवम् वाक्यगत संरचनाको वर्णन र विश्लेषण गर्न सकिने धारणा राखी यसको सम्बन्ध भाषातत्त्वहरूसँग अभिन्न रूपमा गाँसिएको स्पष्ट गर्दछन् । भाषाविना व्याकरणको कल्पना गर्न नसकिने भएकाले व्याकरणलाई भाषाबाट अलग गराएर जटिल तरिकाले शिक्षण गर्न खोज्दा भाषा शिक्षणमा कृतिमता आउने मात्र हैन, अवैज्ञानिक र अव्यावहारिक तरिका अवलम्बन गरेको पनि प्रष्ट हुन्छ । व्याकरण भाषाको आन्तरिक संरचनासम्बद्ध तत्त्व हो र यसले भाषाका तिनै आन्तरिक संरचना र नियमहरूको व्याख्या एवम् विश्लेषण गर्दछ । त्यसैले भाषाले व्याकरणलाई नभएर व्याकरणले भाषालाई पछ्याउँछ (शर्मा र पौडेल, २०६० : १५३-५४) ।

## ३.४ व्याकरण अभ्यासको प्रकृति

अभ्यासलाई विद्यार्थीको क्षमता वा प्राप्तिको लेखाजोखाका रूपमा लिन सकिन्छ । जति जति अभ्यासलाई कक्षा क्रियाकलापको नजिक गराउन सकिन्छ त्यति नै शिक्षणको गतिविधि प्रति लाभान्वित हुन सकिन्छ । शिक्षणलाई प्रभावकारी बनाउनको लागि अभ्यासका अनौपचारिक गतिविधिहरू विशेष उपयोगी हुन्छन् ।

व्याकरणका अभ्यासहरू विद्यालय तहमा अनौपचारिक रूपमा दिइन्छ । अभ्यासलाई पृष्ठपोषणको रूपमा आन्तरिक मूल्याङ्कन गरिन्छ । कक्षाकार्य, गृहकार्य, त्रैमासिक, अर्धवार्षिक, वार्षिक परीक्षा गराइन्छ । जसबाट विद्यार्थीको शैक्षिक गतिविधिको मापन गर्ने र त्रुटिहरूको निराकरण गरिन्छ । जसबाट व्याकरणिक कोटिहरूको व्यावहारिक अध्ययनमा सघाउ पुऱ्याएको हुन्छ । तर क्याम्पस तहमा भने औपचारिकरूपमा शिक्षण गराइने हुँदा औपचारिकता पूरा गराउने उद्देश्यले शिक्षण भएको पाइन्छ । जसमा विद्यार्थीले मनमानी रूपमा उत्तर लेखेको पाइन्छ ।

व्याकरण अभ्यासहरूको प्रकृतिको सैद्धान्तिक अध्ययनले भाषिक सीपको माध्यमले व्याकरण अभ्यासको प्रकृति के-कसरी गराइएको छ ? भाषाका माध्यमबाट व्याकरण अभ्यास गराउँदा त्यसको शिक्षणमा सकारात्मक भूमिकाको प्रभाव के-कस्तो पर्दछ ? यस्ता प्रश्नहरूको उत्तर व्याकरण शिक्षणले खोजेको हुन्छ ।

व्याकरणको अध्ययनले भाषाको संरचनाको ज्ञान हुन्छ । व्याकरणको सम्पूर्ण दक्षताको ज्ञान गर्नको लागि अभ्यास नभई हुँदैन । पाठ्यपुस्तकहरूमा सम्पूर्ण पाठ्यसामग्रीको प्रतिनिधित्व हुने गरी व्याकरण अभ्यासको निर्माण भएको हुनुपर्दछ ।

पाठ्यपुस्तकमा राखिएका व्याकरण अभ्यासहरूको प्रकृतिलाई चार प्रकारमा वर्गीकरण गर्न सकिन्छ :

## ३.४.१ परिचयात्मक

परिचयात्मक अभ्यासहरूका दुई भेदहरू छन् : निगमनात्मक विधि र आगमनात्मक विधि ।

(क) **निगमनात्मक विधि** : यस विधिबाट व्याकरण सिकाउँदा पहिले नियम वा सूत्रहरू दिएपछि मात्र उदाहरणहरू प्रस्तुत गरिन्छ । व्याकरणलाई सैद्धान्तिक दृष्टिबाट यस विधिले गरेको हुन्छ । व्याकरण शिक्षणमा यो विधि सबभन्दा पुरानो विधि हो । यस प्रकारको विधिको प्रयोग तल्ला कक्षाको तुलनामा माथिल्ला कक्षाका लागि उपयोगी सिद्ध हुन्छ । निगमन विधिको शिक्षणका क्रममा परिभाषा, स्पष्टीकरण, उदाहरण र अभ्यासहरू पर्दछन् ।

(ख) **आगमनात्मक विधि** : यो विधि निगमन विधिको ठीक विपरित प्रयोग हो । यस विधिद्वारा शिक्षण गराउँदा पहिले प्रशस्त उदाहरण दिएर अन्त्यमा नियमका बारेमा सामान्य जानकारी दिइन्छ । व्याकरण शिक्षणमा यो विधि सबैभन्दा उपयोगी विधि हो । आगमन विधिको शिक्षणका उदाहरणीकरण, स्पष्टीकरण, नियमीकरण, अभ्यास र आवृत्ति पर्दछन् ।

## ३.४.२ पहिचानात्मक

व्याकरणका सैद्धान्तिक ज्ञानसँग सम्बन्धित पाठ्यपुस्तकहरूको परीक्षण बहुवैकल्पिक, खाली ठाउँ भर्ने, जोडा मिलाउने, समूह छुट्याउने, शब्द भण्डारको परीक्षण गर्ने, पहिचानात्मक प्रकृतिका प्रश्नहरू पर्दछन् । वस्तुगत प्रश्नहरू हुनछन् । बोध पक्षका लागि उपयोग हुने खालका प्रश्नमा पहिचानात्मकअन्तर्गत पर्दछन् । पहिचानात्मक अभ्यासमा पर्यायवाची शब्द, परिभाषा दिने, सन्दर्भपूर्ण वाक्य प्रयोग, विशेषक्षेत्र पहिल्याउने, समावेशी, असमावेशी अर्थ ठम्याउने आदिलाई आधार बनाएर प्रश्न निर्माण गरिन्छ ।

### ३.४.३ वर्गीकरणात्मक

वर्गीकरणात्मक अभ्यासमा वर्गविभाजनका प्रकारहरू, प्रकारान्तर कथन, वाक्य संश्लेषण, वाक्य परिवर्तन, पर्यायवाची र शब्दार्थ ग्रहण गरेर व्यक्त गर्ने प्रकृतिका अभ्यासहरू पर्दछन् । यस्ता अभ्यासमा भेद छुट्याइन्छ । वर्गीकरणात्मक अभ्यासअन्तर्गत वर्गीकरण गर्ने र जोड मिलाउने प्रश्न पर्दछन् ।

### ३.४.४ प्रयोगात्मक

भाषा प्रयोगमा सीपपरक पाठ्यवस्तुहरूमा जोडा दिने खालका व्याकरणका अभ्यासहरूलाई प्रयोगात्मक प्रश्न भनिन्छ । यसमा प्रयोगसँग सम्बन्धित प्रश्नहरूमा जोड दिनुपर्ने देखिन्छ । यिनीहरूमा रचनात्मक र मौलिकताको परीक्षण प्रयोगात्मक खण्डमा पर्दछन् । प्रयोगात्मक प्रश्नहरूले व्यवहारिकतामा  जोड दिइन्छन् । प्रयोगात्मक प्रश्नहरूले क्रमशः पहिचानात्मक प्रश्न, पुनर्लेखन, प्रकारात्मक कथन, वाक्यान्तरण, खाली ठाउँ भर्ने प्रश्नहरू पर्दछन् । मौखिक अभिव्यक्तिको परीक्षणका साथसाथै भाषा प्रयोगको परीवेक्षण गर्ने खालका प्रश्नहरू यसअन्तर्गत् पर्दछन् । यसमा विद्यार्थीको सीप, समझ, सुझ र धारणाको मापन गरिन्छ (आचार्य, २०५० : २०-२१) ।

## ३.५ कक्षा आठमा व्याकरण शिक्षणका उद्देश्यहरू

कक्षा आठमा व्याकरण शिक्षणका उद्देश्यहरूलाई बुँदागत रूपमा निम्नानुसार प्रष्ट्याउन सकिन्छ :

- यसमा व्याकरण शिक्षण गर्नुको उद्देश्य बालबालिकाहरूलाई भाषाको शुद्ध प्रयोगप्रति अभिप्रेरित गर्नु हो,

- व्याकरणका आधारभूत तत्त्व बुझी तिनको उपयुक्त प्रयोग गर्न,
- विधाका पाठहरूको प्रकृतिअनुसारका व्याकरणतत्त्वको पहिचान र तिनको उपयुक्त प्रयोग गर्ने क्षमता विकास गराउन,
- विद्यार्थीहरूमा उदाहरण र प्रयोगका आधारमा सम्बद्ध पाठभित्रैबाट नियमको खोजी गर्ने उत्सुकता जगाइदिन आदि ।

# अध्याय - चार

## कक्षा आठको व्याकरणका अभ्यासहरूको व्याख्या तथा विश्लेषण

### ४.१ कक्षा आठमा निर्धारित व्याकरणात्मक अभ्यासहरू

कक्षा आठ निम्न माध्यमिक तहको अन्तिम सबैभन्दा माथिल्लो कक्षा हो । यस कक्षामा अनिवार्य र ऐच्छिक गरेर विभिन्न विषयहरू अध्यनन हुने गर्दछन् । अनिवार्य रूपमा रहेको नेपाली विषयका सुनाइ, बोलाइ, पढाइ र लेखाइसम्बन्धी जम्मा २९ वटा विशिष्ट उद्देश्यहरू पाठ्यक्रमले निर्धारण गरेको छ । यी उद्देश्य पूरागर्न पाठ्यक्रममा ८ वटा विधा र ती विधाअन्तर्गत विभिन्न क्षेत्रहरू तोकिएका छन् । नेपाली पाठ्यपुस्तकमा विभिन्न विधा अन्तर्गतका २४ वटा पाठहरू समावेश गरिएका छन् भने ती पाठहरूको अभ्यास खण्डअन्तर्गत अन्त्यमा व्याकरण विधालाई समावेश गरिएको छ । वर्तमान पाठ्यक्रमले व्याकरण विधाअन्तर्गत दश क्षेत्र र ती क्षेत्रअन्तर्गत विभिन्न उपक्षेत्र निर्धारण गरिएको देखिन्छ ।

वर्तमान नि.मा.वि.तहको पाठ्यक्रमले तोकेको कक्षा आठको '**हाम्रो नेपाली किताब**' अन्तर्गत व्याकरण विधाका विभिन्न क्षेत्र र उपक्षेत्रलाई अध्ययन र विश्लेषण गर्नु एक चुनौतिपूर्ण कार्य हो । व्याकरणका अभ्यासहरूको कुन आधारमा विश्लेषण गर्दा उपयुक्त हुन्छ भन्ने कुरा सोचनीय विषय बन्न पुगेको छ । यस अध्ययनलाई अर्थपूर्ण बनाउन व्याकरण अभ्यासको प्रकृति (परिचयात्मक, पहिचानात्मक, वर्गीकरणात्मक र प्रयोगात्मक) का आधारमा अगाडि बढाइएको छ । यस अध्ययनमा पाठ्यक्रमले निर्धारण गरेबमोजिमका व्याकरणका विभिन्न क्षेत्रलाई क्रमशः व्याख्या र विश्लेषण गर्ने प्रयास गरिएको छ ।

#### ४.१.१ पदसङ्गतिसम्बन्धी अभ्यास

वाक्य संरचनामा दुई वा दुईभन्दा बढी एकाइहरूको समान रूपगत अभिलक्षणहरू देखाउने वाक्य पदसङ्गति हो । पदसङ्गति शब्दहरू बीचको मेल वा अनुशासन हो । यस्तो सङ्गति विशेष गरेर क्रियापद र कर्ता, नाम र सर्वनाम, विशेषण र विशेष्य, भेद्य र भेदकको बीचको मेल भएको हुनुपर्छ । पदसङ्गति लिङ्ग, वचन, पुरुष र आदरका आधारमा वाक्कीय संयोजन मिलेको हुन्छ (आचार्य, २०५९ : ३६) ।

वर्तमान पाठ्यक्रममा प्रयुक्त पदसङ्गतिका क्षेत्र- लिङ्ग, वचन, पुरुषका आधारलाई लिएर पाठ्यपुस्तकमा पाठ्यांशको समावेश गरिएको छ । निम्न माध्यमिक तह कक्षा ८ को नेपाली पाठ्यपुस्तकको विभिन्न पाठहरूको व्याकरण खण्डमा पदसङ्गतिसम्बन्धी व्याकरण अभ्यास समावेश गरिएको छ । यहाँ पदसङ्गतिसम्बन्धी ज्ञान र सीपका लागि विभिन्न धारणा दिएर स्पष्ट गराउने उद्देश्य लिइएको छ ।

तालिका नं. १

| क.सं. | व्याकरणका क्षेत्र | पदसङ्गति | प्रतिशत |
|---|---|---|---|
| १ | **परिचयात्मक** | | |
| | आगमन | ४ | ४४.४५ |
| | निगमन | | |
| २ | **पहिचानात्मक** | | |
| | पाठबाट खोज्ने | | |
| | उदाहरणबाट खोज्ने | | |
| ३ | **वर्गीकरणात्मक** | | |
| | वर्गीकरण | | |
| | जोडा मिलाउने | १ | ११.११ |
| ४ | **प्रयोगात्मक** | | |
| | शुद्ध प्रयोग | | |
| | खाली ठाउँ भर्ने | १ | ११.११ |
| | स्वतन्त्र प्रयोग | ३ | ३३.३३ |
| | जम्मा | ९ | १०० |

माथिको तालिकाअनुसार पदसङ्गतिसम्बन्धी परिचयात्मक, वर्गीकरणात्मक र प्रयोगात्मक प्रकृतिका अभ्यासहरू समावेश गरिएका छन् भने पहिचानात्मक प्रकृतिका अभ्यासहरू समावेश गरिएका छैनन् । प्रस्तुत तालिका अनुसार पदसङ्गतिसम्बन्धी जम्मा ९ वटा अभ्यासलाई पाठ्यांशमा समावेश गरिएको छ । जसमध्ये परिचयात्मकअन्तर्गत आगमनात्मक ४ वटा (४४.४५%), वर्गीकरणात्मकअन्तर्गत जोडा मिलाउने १ वटा (११.११%), प्रयोगात्मक अन्तर्गत खाली ठाउँ भर्ने १ वटा (११.११%) र स्वतन्त्र प्रयोग ३ वटा (३३.३३%) रहेका छन् । उदाहरणका रूपमा खसीको तौल पाठको शीर्षकमा रहेको पदसङ्गतिसम्बन्धी प्रयोगात्मक प्रकृतिको अभ्यास तल प्रस्तुत गरिएको छ ।

(१) उदाहरणमा दिएजस्तै वचन, लिङ्ग, आदर मिलाइ तलका कोठामा ४/४ वटा पदावली लेख ।

| क्र.सं. | वचन | लिङ्ग | आदर |
|---|---|---|---|
| १ | आफ्नो घर | आफ्नी छोरी | आफ्ना बुबा |

**सवल पक्षहरू**

१) व्याकरण अभ्यासमा आगमनात्मक विधिलाई अवलम्बन गरिएको छ ।

२) विद्यार्थीको स्तर अनुरूप पदसङ्गतिसम्बन्धी अभ्यास समावेश गरिएको छ ।

**दुर्वल पक्षहरू**

१) पुरुषसम्बन्धी अभ्यासको कमी हुनु,

२) व्याकरणको पाठ र सङ्गतिसम्बन्धी अभ्यासको तालमेल नहुनु,

३) पहिचानात्मक प्रकृतिका अभ्यासहरू समावेश नगर्नु,

## ४.१.२ कालसम्बन्धी अभ्यास

काल भनेको समय हो । भाषामा काल भन्नाले क्रियापदले वर्णन गरेको कार्य व्यापार भइसकेको वा हुन बाँकी रहेको समयलाई बुझाउँछ । समय सर्वव्यापी छ । तिनमा समयको वर्णन व्याकरणमा गरिन्छ । भूत, वर्तमान र भविष्यत् चाहिँ भाषामा पाइने व्याकरणात्मक कोटिहरू हुन् । जसले क्रियापदको भाषिक रूप र समयको भाषेत्तर धारणाका बीचमा संवाद स्थापित गर्दछ (आचार्य, २०५९ : ४०) । निम्न माध्यमिक तहअन्तर्गत कक्षा ८ को पाठ्यक्रमले कालका वर्तमान, भूत र भविष्यत गरी तीन क्षेत्र निर्धारण गरेको छ । जसअनुसार कक्षा ८ को **हाम्रो नेपाली किताब**को पाठ्यपुस्तकको विभिन्न पाठका अन्त्यमा व्याकरण खण्डमा कालसम्बन्धी व्याकरण अभ्यास समावेश गरिएको छ । यहाँ कालसम्बन्धी विभिन्न ज्ञान र सीपका लागि विभिन्न धारणा दिएर स्पष्ट पार्ने उद्देश्य लिइएको छ ।

तालिका नं. २

| क.सं. | व्याकरणका क्षेत्र/ काल | भूत | वर्तमान | भविष्यत् | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | **परिचयात्मक** | | | | | |
| | आगमन | १ | १ | १ | ३ | २५ |
| | निगमन | | | | | |
| २ | **पहिचानात्मक** | | | | | |
| | पाठबाट खोज्ने | १ | १ | १ | ३ | २५ |
| | उदाहरणबाट खोज्ने | | | | | |
| ३ | **वर्गीकरणात्मक** | | | | | |
| | वर्गीकरण | | | | | |
| | जोडा मिलाउने | १ | | | १ | ८.३३ |
| ४ | **प्रयोगात्मक** | | | | | |
| | खाली ठाउँ भर्ने | २ | २ | | ४ | ३३.३४ |
| | स्वतन्त्र प्रयोग | | | १ | १ | ८.३३ |
| | वाक्यान्तरण | | | | | |
| | जम्मा | | | | १२ | १०० |

माथिको तालिका अनुसार कालसम्बन्धी परिचयात्मक, पहिचानात्मक, वर्गीकरणात्मक र प्रयोगात्मक चारै प्रकृतिका अभ्यासहरू समावेश गरिएको पाइन्छ । कक्षा आठको **हाम्रो नेपाली किताब**मा कालसम्बन्धी जम्मा १२ वटा प्रश्न समावेश गरेको पाइन्छ । जसअन्तर्गत परिचयात्मक प्रकृतिको आगमन ३ वटा (२५%) तथा स्वतन्त्र प्रयोग १ वटा (८.३३%) र प्रयोगात्मक प्रकृतिका खाली ठाउँ भर्ने ४ वटा (३३.३४%) तथा स्वतन्त्र प्रयोग १ (८.३३%) अभ्यासहरू समावेश गरिएका छन् ।

उदाहरणको लागि खसीको तौल पाठ शीर्षकमा रहेको भविष्यत् कालसम्बन्धी परिचयात्मक र प्रयोगात्मक प्रकृतिको अभ्यास तल प्रस्तुत गरिएको छ :

१) “एउटा बलियो खसी दिइनेछ । जनु व्यक्तिले दुई महिनासम्म खसीको तौल यथावत् राख्ने गरी पाल्न सक्छ । त्यसलाई ठूलो इनाम दिइनेछ ।”

यस वाक्यमा प्रयोग भएको “दिइनेछ” क्रियापदले भविष्यत् काल जनाउँछ । यस्तै पाँचओटा भविष्यत् कालका क्रियापद लेखेर देखाऊ ।

**सवल पक्षहरू**

१) सबै काललाई समावेश गरिएको छ ।

२) आगमनात्मक विधिलाई प्राथमिकता दिइएको छ ।

३) सबै प्रकृतिका अभ्यासलाई समावेश गरिएको छ ।

४) पाठ र व्याकरण खण्डमा सामन्जस्यता पाइएको छ ।

**दुर्वल पक्षहरू**

१) कक्षाको स्तर अनुरूप कालसम्बन्धी धारणाको विकास गर्न सकिएको छैन ।

२) कालसम्बन्धी अभ्यासको कमी देखिन्छ ।

## ४.३ पक्षसम्बन्धी अभ्यास

पक्ष पनि क्रियामा व्यक्त हुने व्याकरणात्मक कोटि हो । यस कोटिको सम्बन्ध क्रियाका कालसँग छ । यसलाई त्यस्तो व्याकरणात्मक रीत वा ढङ्ग भनिन्छ जसद्वारा क्रियाका वर्णित व्यापारको कालसम्बन्धी अनुभव वा मान्यता (पूर्ण, अपूर्ण) आदि अभिव्यक्त हुन्छ । यस दृष्टिबाट हेर्दा काल समयको सामान्य वा मोटो विभाजनका रूपमा देखिन्छ । क्रियाका कालको अवधि र अवस्था (कालिक गतिविधिको प्रकार) लाई पक्ष भनिन्छ (शर्मा, २०५४ : २९२) ।

निम्न माध्यमिक तहको वर्तमान पाठ्यक्रमले कक्षा आठका लागि पक्षका अपूर्ण, पूर्ण, अज्ञात र अभ्यस्त गरी चार क्षेत्र निर्धारण गरेको छ । कक्षा आठको **हाम्रो नेपाली किताबमा** पक्षसम्बन्धी धारणाको विकास गर्न विभिन्न पाठका अन्त्यमा रहेको व्याकरण खण्डअन्तर्गत व्याकरण अभ्यास समावेश गरिएको छ । यहाँ पक्षसम्बन्धी ज्ञान र सीप विकासका लागि विभिन्न अभ्यास दिएर स्पष्ट पार्ने उद्देश्य लिइएको छ ।

तालिका नं. ३

| क्र.सं. | व्याकरणका क्षेत्र/पक्ष | अपूर्ण | पूर्ण | अज्ञात | अभ्यस्त | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | **परिचयात्मक** | | | | | | |
| | आगमन | ज्ञ | द्ध | ज्ञ | द्द | ड | द्धठ.ण्ट |
| | निगमन | | | | | | |
| २ | **पहिचानात्मक** | | | | | | |
| | पाठबाट खोज्ने | | ज्ञ | | ज्ञ | द्द | ज्ञज्ञ.ठछ |
| | उदाहरणबाट खोज्ने | | | | | | |
| ३ | **वर्गीकरणात्मक** | | | | | | |
| | वर्गीकरण | | | | | | |
| | जोडा मिलाउने | | ज्ञ | ज्ञ | ज्ञ | घ | ज्ञठ.टद्ध |
| ४ | **प्रयोगात्मक** | | | | | | |
| | खाली ठाउँ भर्ने | | ज्ञ | | | ज्ञ | छ.डढ |
| | स्वतन्त्र प्रयोग | | | ज्ञ | ज्ञ | द्द | ज्ञज्ञ.ठट |
| | वाक्यान्तरण | | | ज्ञ | | ज्ञ | छ.डढ |
| | जम्मा | | | | | १७ | १०० |

माथिको तालिका अनुसार पक्षसम्बन्धी परिचयात्मक, पहिचानात्मक, वर्गीकरणात्मक र प्रयोगात्मक चारै प्रकृतिका अभ्यासहरू समावेश भएको पाइन्छ । प्रस्तुत तालिका अनुसार पक्षसम्बन्धी जम्मा १७ वटा अभ्यास भएको देखिन्छ । जसमध्ये परिचयात्मक प्रकृतिको आगमनात्मक ८ वटा (४७.०६), पहिचानात्मकअन्तर्गत पाठबाट खोज्ने २ वटा (११.७६%), वर्गीकरणात्मकअन्तर्गत जोडा मिलाइने ३ वटा (१७.६४%) र प्रयोगात्मकअन्तर्गत प्रयोग २ वटा (११.७६%) तथा वाक्यान्तरण १ वटा (५.८९%) अभ्यास रहेका छन् ।

उदाहरणका लागि 'मनु' पाठ शीर्षकमा रहेको पक्षसम्बन्धी प्रकृतिको अभ्यास प्रस्तुत गरिएको छ ।

१) उदाहरणमा देखाएजस्तै गरी पाठबाट थप क्रियापदहरू खोजेर लेख ।

| पूर्ण पक्ष | अभ्यस्त पक्ष |
| --- | --- |
| भएको थियो | गर्दैथ्यो |
| भनेकी थिइन् | हिँड्थी |

**सवल पक्षहरू**

१) सबै प्रकृतिका अभ्यासहरूलाई समावेश गरिनु,

२) आगमनात्मक विधिको प्रयोग गर्नु,

३) उदाहरणलाई प्राथमिकता दिइनु,

**दुर्वल पक्षहरू**

१) पाठ्यक्रम र पाठ्यपुस्तकमा नै सामान्य पक्षलाई समावेश गरिएको छैन ।

२) सबै पक्षलाई उत्तिकै समानता दिइएको छैन ।

३) स्वर अनुरूप पक्षसम्बन्धी धारणा विकासमा कम जोड दिइएको पाइन्छ ।

## ४.४ अर्थ र भावसम्बन्धी अभ्यास

भाव पनि क्रियामा व्यक्त हुने व्याकरणात्मक कोटि हो । यस कोटिले क्रियाको व्यापारको सम्बन्ध निश्चय, अनिश्चय, आवश्यकता, सम्भावना, सन्देह, बिन्ती, इच्छा, आज्ञा, सङ्केत आदि अभिवृत्ति जोड्छ । क्रियाको वास्तविक अर्थसँगै वक्ता र लेखकको अभिवृत्ति समेत प्रकट गर्ने क्रियारूपलाई भाव भनिन्छ । यसलाई अर्थ वा कृत्ति भनिएको पनि पाइन्छ । प्रस्तुत सन्दर्भमा भाव, अर्थ वा कृत्तिको तात्पर्य भनेको मनसाय हो र मनसायको तात्पर्य वक्ताको मनोभाव वा अभिवृत्ति हो (शर्मा, २०५४ : २९६) ।

निम्न माध्यमिक तहको लागि अर्थ वा भावसम्बन्धी सामान्यार्थ, आज्ञार्थ, इच्छार्थ, सम्भावनार्थ गरी चार क्षेत्र निर्धारण गरेको छ । कक्षा ८ को हाम्रो नेपाली किताबमा अर्थ वा भावसम्बन्धी धारणाको विकास गर्न विभिन्न पाठको अन्त्यमा रहेको व्याकरण खण्डअन्तर्गत व्याकरण, अभ्यास समावेश गरिएको छ । यहाँ अर्थ वा भावसम्बन्धी ज्ञान र सीप विकासका लागि विभिन्न अभ्यास दिएर स्पष्ट पार्ने उद्देश्य लिइएको छ ।

तालिका नं. ४

| क्र. सं. | व्याकरणका क्षेत्र/भाव | सामान्यार्थ | आज्ञार्थ | इच्छार्थ | सम्भावनार्थ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | **परिचयात्मक** | | | | | | |
| | आगमन | | | | | | |
| | निगमन | ज्ञ | द्द | द्द | द्द | ठ | द्धघ.ठछ |
| २ | **पहिचानात्मक** | | | | | | |
| | पाठबाट खोज्ने | | ज्ञ | | | ज्ञ | ट.द्दछ |
| | उदाहरणबाट खोज्ने | | | | | | |
| ३ | **वर्गीकरणात्मक** | | | | | | |
| | वर्गीकरण | | | | | | |
| | जोडा मिलाउने | | | ज्ञ | ज्ञ | द्द | ज्ञद्द.छ |
| ४ | **प्रयोगात्मक** | | | | | | |
| | खाली ठाउँ भर्ने | | | | | | छ.डढ |
| | स्वतन्त्र प्रयोग | ज्ञ | ज्ञ | द्द | ज्ञ | छ | घज्ञ.द्दछ |
| | वाक्यान्तरण | | ज्ञ | | | ज्ञ | ज्ञट |
| | जम्मा | | | | | | १०० |

प्रस्तुत तालिका अनुसार भावसम्बन्धी परिचयात्मक, पहिचानात्मक, वर्गीकरणात्मक र प्रयोगात्मक चारै प्रकृतिका अभ्यासहरू समावेश गरेको पाइन्छ । कक्षा आठको व्याकरण अभ्यासअन्तर्गत जम्मा १६ वटा भावसम्बन्धी अभ्यास समावेश गरेको देखिन्छ । जसमध्ये परिचयात्मक प्रकृतिको निगमन ७ वटा (४३.७५), पहिचानात्मक प्रकृतिको पाठबाट खोज्ने १ वटा (६.२५%), वर्गीकरणात्मक प्रकृतिको २ वटा (१२.५%) र प्रयोगात्मक प्रकृतिको स्वतन्त्र प्रयोग ५ वटा (३१.२५%) तथा वाक्यान्तरण १ वटा (६.२५%) अभ्यास रहेका छन् ।

उदाहरणको लागि 'उपमन्युको परीक्षा' पाठ शीर्षकमा रहेको भावसम्बन्धी प्रयोगात्मक प्रकृतिको अभ्यास तल प्रस्तुत गरिएको छ ।

१) तलका सामान्यार्थ वाक्यलाई उदाहरणमा दिएजस्तै आज्ञार्थमा परिवर्तन गर :

जस्तै : तिमी पनि त्यस्तै गर्छौ ।
उनी पुवा लिन्छन् ।
उनी पुवा खान्छन् ।
उपमन्यु आश्विनीकुमारको स्तुति गर्दैन ।

तिमी पनि त्यस्तै गर ।

तिमी .....................................

तिमी .....................................

तिमी .....................................

**सवल पक्षहरू**

१) पाठ्यक्रमले निर्धारण गरेको भावसम्बन्धी सबै क्षेत्रलाई समावेश गरिएको छ ।

२) उदाहरणलाई बढी प्राथमिकता दिइएको छ ।

३) चारै प्रकृतिका अभ्यासहरूलाई समावेश गरिएको छ ।

**दुर्वल पक्षहरू**

१) विद्यार्थीको स्तर अनुरूप भावसम्बन्धी धारणा विकास गर्न नसक्ने देखिन्छ ।

२) सबैखाले भावलाई समान रूपमा अभ्यास खण्डमा समेट्न सकिएको छैन ।

## ४.५ वाक्य परिवर्तनसम्बन्धी अभ्यास

अर्थपूर्ण भाषिक इकाइ वाक्य हो । यो वाक्यांश भन्दा ठूलो र अनुच्छेदभन्दा सानो हुन्छ । यसलाई पद वा पदसमूहको समुच्चयबाट निर्मित एकाइ पनि भनिन्छ । वाक्य हुन कम्तिमा एउटा संरचनामा रहेको वाक्यलाई निर्देशनका आधारमा अर्को ढाँचा वा तरिकामा बदल्नुलाई वाक्य परिवर्तन भनिन्छ ।

वर्तमान नेपाली पाठ्यक्रमले कक्षा आठमा वाक्य परिवर्तनसम्बन्धी लिङ्ग, वचन, पुरुष, आदर, अकरण, काल र पक्षका आधार निर्धारण गरेको छ । वाक्य परिवर्तनसम्बन्धी उद्देश्य पूरा गर्न विभिन्न पाठको अन्त्यमा व्याकरण खण्डअन्तर्गत विभिन्न अभ्यास खण्ड समावेश गरिएको छ ।

तालिका नं. ५

| क.सं. | व्याकरणका क्षेत्र | वाक्यपरिवर्तन | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १ | **परिचयात्मक** | | | |
| | आगमन | | | |
| | निगमन | | | |
| २ | **पहिचानात्मक** | | | |
| | पाठबाट खोज्ने | | | |
| | उदाहरणबाट खोज्ने | ८ | ८ | टट.टठ |
| ३ | **वर्गीकरणात्मक** | | | |
| | वर्गीकरण गर्ने | | | |
| | जोडा मिलाउने | | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | **प्रयोगात्मक** | | | |
| | खाली ठाउँ भर्ने | | | |
| | मूल प्रयोग | | | |
| | वाक्यान्तरण | ज्ञ | ज्ञ | घघ.घघ |
| | जम्मा | | ३ | १०० |

प्रस्तुत तालिका अनुसार वाक्य परिवर्तनसम्बन्धी पहिचानात्मक र प्रयोगात्मक प्रकृतिका अभ्यासहरू समावेश गरिएको पाइन्छ भने परिचयात्मक र वर्गीकरणात्मक प्रकृतिका अभ्यासहरू समावेश गरिएको पाइदैन । तसर्थ कक्षा आठको **हाम्रो नेपाली** पाठ्यपुस्तकको व्याकरण खण्डअन्तर्गत वाक्य परिवर्तनसम्बन्धी जम्मा ३ वटा मात्र अभ्यास रहेको पाइन्छ । जसमध्ये पहिचानात्मक प्रकृतिअन्तर्गत उदाहरणबाट खोज्ने २ वटा (६६.६७%) र प्रयोगात्मक प्रकृतिअन्तर्गत वाक्यान्तरण १ वटा (३३.३३%) अभ्यास रहेको पाइन्छ ।

उदाहरणका लागि धनभन्दा विद्या ठूलो पाठशीर्षकमा रहेको वाक्य परिवर्तनसम्बन्धी प्रयोगात्मक प्रकृतिको अभ्यासलाई तल प्रस्तुत गरिएको छ :

१) कोष्ठमा दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर :

(क) अब सुमित्रा ठाकुर बोल्छिन् । (उच्च आदर)

(ख) हामीले भुल गऱ्यौं । (तृतीय पुरुष)

(ग) म उनलाई बोलाउँछु । (बहुवचन)

(घ) तपाईंले के बिर्सनु भयो ? (आदर रहित)

(ङ) उसले बादविवादमा भाग लियो । (द्वितीय पुरुष)

**सवल पक्षहरू**

१) पाठ अनुरूप अभ्यासहरू सुहाउँदा रहेका छन् ।

२) अभ्यासका लागि स्पष्ट निर्देशन रहेको पाइन्छ ।

**दुर्वल पक्षहरू**

१) सबै प्रकृतिका अभ्यासहरूलाई समेट्न सकेको पाइँदैन ।

२) वाक्य परिवर्तनसम्बन्धी अभ्यास कम रहेका छन् ।

## ४.६ वाच्य परिवर्तनसम्बन्धी अभ्यास

वाच्यको अर्थ हो भनाइ । यसलाई वाक्यतहमा क्रियाका माध्यममा व्यक्त हुने व्याकरणात्मक कोटि भनिन्छ । वाक्यमा कर्ता, कर्म र भावको काम बुझाउँदा फेरिने क्रियाको रूपलाई वाच्य भनिन्छ । कर्ता, कर्म र भावअनुसार क्रियाको रूप परिवर्तन हुने प्रक्रियालाई वाच्य भनिन्छ । वाच्य विशेषत तीन प्रकारका हुन्छन् । कर्तृवाच्य, कर्मवाच्य र भाववाच्य ।

निम्न माध्यमिक तहको वर्तमान पाठ्यक्रमले कक्षा आठका लागि वाच्यका कर्तृ, कर्म र भाव क्षेत्र निर्धारण गरेको छ । कक्षा आठको पाठ्यपुस्तकमा पाठ्यक्रमले वाच्य परिवर्तनसम्बन्धी उद्देश्य पूरा गर्न विभिन्न पाठको व्याकरण खण्डमा वाच्यसम्बन्धी अभ्यासहरू समावेश गरेको छ ।

तालिका नं. ६

| क.सं. | व्याकरणका क्षेत्र | कर्तृवाच्य | कर्मवाच्य | भाववाच्य | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | **परिचयात्मक** | | | | | |
| | आगमन | ज्ञ | ज्ञ | | द्द | ज्ञट.टठ |
| | निगमन | | | ज्ञ | ज्ञ | ड.ट |
| २ | **पहिचानात्मक** | | | | | |
| | पाठबाट खोज्ने | | | | | |
| | उदाहरणबाट खोज्ने | | | | | |
| ३ | **वर्गीकरणात्मक** | | | | | |
| | वर्गीकरण | ज्ञ | ज्ञ | ज्ञ | घ | द्दछ |
| | जोडा मिलाउने | | | | | |
| ४ | **प्रयोगात्मक** | | | | | |
| | खाली ठाउँ भर्ने | ज्ञ | ज्ञ | ज्ञ | घ | द्दछ |
| | स्वतन्त्र प्रयोग | | | | | |
| | वाक्यान्तरण | ज्ञ | ज्ञ | ज्ञ | घ | द्दछ |
| | जम्मा | | | | १२ | १०० |

प्रस्तुत तालिकाअनुसार वाच्य परिवर्तनसम्बन्धी परिचयात्मक, वर्गीकरणात्मक र प्रयोगात्मक तीन प्रकृतिका व्याकरण वाच्यसम्बन्धी अभ्यासहरू समावेश गरिएका छन् भने पहिचानात्मक प्रकृतिका अभ्यासहरू समावेश गरिएका छैनन् । माथिको तालिका अनुसार सङ्ख्यात्मक हिसाबले वाच्यसम्बन्धी जम्मा १२ वटा अभ्यासहरू समावेश गरिएको पाइन्छ । जसमध्ये परिचयात्मक प्रकृतिअन्तर्गत आगमन २ वर्ष (१६.६७%) र निगमन १ वटा (८.३३%), वर्गीकरणात्मक प्रकृतिअन्तर्गत वर्गीकरण गर्ने ३ वटा (२५%) तथा प्रयोगात्मक प्रकृतिअन्तर्गत खालीठाउँ भर्ने ३ वटा (२५%) र वाक्यान्तरण ३ वटा (२५%) अभ्यास रहेको पाइन्छ ।

उदाहरणको लागि समाज सेवाको बाटोमा पाठ शीर्षकमा रहेको वचन परिवर्तनसम्बन्धी प्रयोगात्मक प्रकृतिको अभ्यास प्रस्तुत गरिएको छ :

१) तलका कर्तृवाच्यका वाक्यहरूलाई कर्म र भाववाच्यमा परिवर्तन गर :

क) मैले उसलाई बोलाएँ ।

ख) तिमीले बहिनीलाई चिठी लेख्यौ ।

ग) हामीले चिठीको खाम बनायौँ ।

घ) हामी सबैजना मावल गयौँ ।

(ङ) म त्यस समितिको अध्यक्ष भएको छु ।

(च) उनीहरू हिजो पोखरा पुगे ।

**सवल पक्षहरू**

१) विद्यार्थीको स्तर अनुरूप वाच्यसम्बन्धी धारणा दिन सफल देखिन्छ ।

२) आगमनात्मक विधिको प्रयोग गरिएको पाइन्छ ।

३) वाच्यसम्बन्धी प्रसस्त अभ्यासहरू रहेको छ ।

**दुर्वल पक्षहरू**

१) निगमन विधिको अवलम्बन गरी भाववाच्य शिक्षण गर्न खोजिएको छ ।

२) सबै प्रकृतिका अभ्यासलाई समावेश गरेका छन् ।

## ४.७ शब्दवर्गसम्बन्धी अभ्यास

शब्द कथ्य र लेख्य भाषाको व्यापक एकाइ हो । यसले भाषिक अभिव्यक्ति गर्छ । भाषाको संरचनामा भाषिक अभिव्यक्ति गर्ने विभिन्न एकाइहरू हुन्छन् । जसमध्ये शब्दलाई केन्द्रिय महत्त्वपूर्ण एकाइ मानिन्छ । नेपाली भाषामा शब्दअन्तर्गत विभिन्न खालका शब्दहरू पर्ने गर्दछन् । जसलाई शब्दवर्ग भन्ने गरिन्छ । शब्दवर्गभित्र नाम, सर्वनाम, विशेषण, क्रिया तथा अव्ययहरू पर्दछन् । निम्न माध्यमिक तहको वर्तमान पाठ्यक्रमले कक्षा आठका लागि नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियायोगी, नामयोगी, संयोजक, निपात र विस्मयादिबोधक गरी ९ वटा शब्दवर्गका क्षेत्र निर्धारण गरेको छ । **हाम्रो नेपाली किताब**का विभिन्न पाठको व्याकरण खण्डअन्तर्गत अभ्यासअन्तर्गत शब्दवर्ग समावेश गरिएको छ । यहाँ शब्दवर्गसम्बन्धी ज्ञान र सीप विकास गर्ने र उद्देश्य प्राप्ति गर्ने हिसाबले स्पष्ट पार्ने प्रयास गरिएको छ ।

तालिका नं. ७

| क्र. सं. | व्याकरणका क्षेत्र | नाम | सर्वनाम | विशेषण | क्रियापद | क्रियायोगी | नामयोगी | संयोजक | निपात | विस्मयादि बोधक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | **परिचयात्मक** | | | | | | | | | | | |
| | आगमन | | ज्ञ | | ज्ञ | ज्ञ | ज्ञ | ज्ञ | द्द | ज्ञ | ड | ज्ञट.टट |
| | निगमन | | | | | | | | | | | |
| २ | **पहिचानात्मक** | | | | | | | | | | | |
| | पाठबाट खोज्ने | | ज्ञ | ज्ञ | द्द | ज्ञ | ज्ञ | ज्ञ | ज्ञ | ज्ञ | ढ | ज्ञड.ठ छ |
| | उदाहरणबाट खोज्ने | | | | | | | | | | | |
| ३ | **वर्गीकरणात्मक** | | | | | | | | | | | |
| | वर्गीकरण गर्ने | | | | ज्ञ | ज्ञ | ज्ञ | ज्ञ | ज्ञ | ज्ञ | ट | ज्ञद्द.छ |
| | जोडा मिलाउने | द्द | | ज्ञ | ज्ञ | ज्ञ | ज्ञ | ज्ञ | ज्ञ | ज्ञ | ढ | ज्ञड.ठ छ |
| ४ | **प्रयोगात्मक** | | | | | | | | | | | |
| | मूल प्रयोग | | | | | | | | | | | |
| | खाली ठाउँ भर्ने | | | | ज्ञ | | | | | | ज्ञ | द्द.ण्ढ |
| | स्वतन्त्र प्रयोग | ज्ञ | | ज्ञ | द्द | द्द | घ | द्द | द्द | द्द | ज्ञ छ | घज्ञ.द्द छ |

|  | जम्मा |  |  |  |  |  |  |  |  |  | ४८ | १०० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

माथिका तालिका अनुसार शब्दवर्गसम्बन्धी परिचयात्मक, पहिचानात्मक, वर्गीकरणात्मक र प्रयोगात्मक चारै प्रकृतिका अभ्यासहरूलाई समावेश गरिएको पाइन्छ । जसमध्ये परिचयात्मक प्रकृतिअन्तर्गत आगमन ८ वटा (१६.६६%), पहिचानात्मक प्रकृतिअन्तर्गत् ९ वटा (१८.७५%), वर्गीकरणात्मक प्रकृतिअन्तर्गत वर्गीकरण गर्ने ६ वटा (१२.५%) तथा जोडा मिलाउने ९ वटा (१८.७५%) र प्रयोगात्मक प्रकृतिअन्तर्गत खाली ठाउँ भर्ने १ वटा (२.०९%) तथा स्वतन्त्र प्रयोग १५ वटा (३१.२५%) अभ्यास रहेका छन् ।

उदाहरणका लागि भिनिन्न पाठको व्याकरण खण्डको अभ्यासमा रहेका शब्दवर्गसम्बन्धी अभ्यासहरू तल प्रस्तुत गरिएको छ :

१) पाठको नवौँ अनुच्छेदमा प्रयोग भएका विशेषण शब्दहरूको टिपोट गर र तिनलाई आफ्नो वाक्यमा प्रयोग गर ।

यो उदाहरण 'गोपालप्रसाद रिमाल' पाठ शीर्षकबाट लिइएको हो । यो पहिचानात्मक र प्रयोगात्मक प्रकृतिको अभ्यासअन्तर्गत् पर्दछ ।

२) पढ र बुझ -

सुरु गर्ने हो **त** ! **लौ** ! **त** अब परिचय खेल सुरु हुन्छ । **ल** तिमी आफ्नो परिचय देऊ । अब टिभी खोल्नोस् **न** ।

माथिका वाक्यमा गाढा अक्षरमा दिइएका शब्दहरूलाई निपात भनिन्छ । ती प्रायः एकाक्षरी हुन्छन् । यिनको खास अर्थ हुँदैन । तर यिनले संवादका वाक्यमा खास शब्दसँग आएर अर्थलाई तिख्खर बनाउन मद्दत गर्दछ । यो उदाहरण 'हामी एउटै हौँ' पाठ शीर्षकबाट लिइएको हो । यो परिचयात्मक प्रकृतिको अभ्यासअन्तर्गत पर्दछ ।

जोडा मिलाऊ :

| खण्ड (क) | खण्ड (ख) |
|---|---|
| व्यक्तिवाचक नाम | चामल, पीठो, गहुँ |
| जातिवाचक नाम | रामायण, लुम्बिनी, सुनकोसी, ओखलढुङ्गा |
| समूहवाचक नाम | प्रेम, दया, हेला, सुख, दुःख |

द्रव्यवाचक नाम — दल, टोली, बथान

भाववाचक नाम — गाई, फूल, चरो, रूख, मृग

यो उदाहरण 'ओखलढुङ्गा' पाठ शीर्षकबाट लिइएको हो । यो वर्गीकरणात्मक प्रकृतिको अभ्यासअन्तर्गत पर्दछ ।

**सवल पक्षहरू**

१) सबै प्रकृतिका अभ्यासहरूलाई समावेश गरिएको छ ।

२) उदाहरणमा बढी जोड दिइएको छ ।

३) पाठ्यक्रमले तोके अनुरूपका सबै शब्दवर्गहरूलाई समेट्ने प्रयास गरिएको छ ।

**दुर्वल पक्षहरू**

१) समानुपातिक रूपमा शब्दवर्गका सबै क्षेत्रहरूलाई अभ्यासमा समेट्न सकिएको पाइँदैन ।

२) स्तर अनुरूप शब्दवर्गसम्बन्धी धारणाको विकास गर्न सकेको देखिँदैन ।

## ४.८ कारक र विभक्तिसम्बन्धी अभ्यास

नामिक पदको क्रियासितको सम्बन्धलाई कारक भनिन्छ । वाक्यमा विभिन्न पदहरू हुन्छन् । ती पदको वाक्यमा आफू अनुरूपका विभिन्न काम गरेका हुन्छन् (ढकाल, २०६३ : १९) । विभक्तिले वाक्यभित्रका पदहरूको पारस्परिकसम्बन्ध बुझाउँछ । सामान्यतः विभक्तिलाई कारक व्यक्त गर्ने चिह्न भनिन्छ । नामिकपदका पछाडि आएर विभिन्न कारक बुझाउने चिह्नलाई विभक्ति भनिन्छ ।

वर्तमान निम्न माध्यमिक तहको पाठ्यक्रमले कक्षा ८ का लागि कर्ता, कर्म, करण, सम्प्रदान, अपादान, अधिकरण कार र लै, लाई, द्वारा, बाट, को, का, की, रो, रा, री, नो, ना, नी, देखि, मा विभक्तिका क्षेत्र निर्धारण गरेको छ । कक्षा आठको कारक र विभक्तिसम्बन्धी उद्देश्य प्राप्तिका लागि पाठको अन्त्यमा व्याकरण खण्डअन्तर्गत विभिन्न अभ्यासहरू समावेश गरिएको छ ।

तालिका नं. ८

| क्र.सं. | व्याकरणका क्षेत्र | कारक | विभक्ति | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | **परिचयात्मक** | | | | |
| | आगमन | ज्ञ | ज्ञ | द्द | द्द.द्द |

| | | | | | |
|---|---|---|---|---|---|
| | निगमन | | घ | घ | घघ.घद्ध |
| २ | **पहिचानात्मक** | | | | |
| | पाठबाट खोज्ने | | | | |
| | उदाहरणबाट खोज्ने | ज्ञ | ज्ञ | द्द | द्दद्द.द्दद्द |
| ३ | **वर्गीकरणात्मक** | | | | |
| | वर्गीकरण गर्ने | | ज्ञ | ज्ञ | ज्ञज्ञ.ज्ञज्ञ |
| | जोडा मिलाउने | ज्ञ | | ज्ञ | ज्ञज्ञ.ज्ञज्ञ |
| ४ | **प्रयोगात्मक** | | | | |
| | मूल प्रयोग | | | | |
| | खाली ठाउँ भर्ने | | | | |
| | स्वतन्त्र प्रयोग | | | | |
| | जम्मा | | | ९ | १०० |

प्रस्तुत तालिकाअनुसार कारक र विभक्तिसम्बन्धी परिचयात्मक, पहिचानात्मक र वर्गीकरणात्मक प्रकृतिका अभ्यासहरू समावेश गरेको देखिन्छ भने प्रयोगात्मक प्रकृतिको अभ्यास समावेश गरेको पाइदैन । सङ्ख्यात्मक हिसाबले कक्षा आठको **हाम्रो नेपाली बिताब**मा कारक र विभक्तिसम्बन्धी जम्मा ९ वटा (२२.२२%), तथा  निगमनात्मक ३ वटा (३३.३४%) पहिचानात्मक प्रकृतिअन्तर्गत उदाहरणबाट खोज्ने २ वटा (२२.२२%) र वर्गीकरणात्मक प्रकृतिअन्तर्गत १ वटा (११.११%) तथा जोडा मिलाउने १ वटा (११.११%) अभ्यासहरू रहेका छन् ।

उदाहरणका लागि विभिन्न पाठमा समावेश गरिएका कारक र विभक्तिसम्बन्धी अभ्यासहरू तल प्रस्तुत गरिएको छ :

१) रेखाङ्कित शब्दले कुन कारकलाई जनाउँछ ?

क) पसलेले सामान बेच्यो । (कर्ता, कर्म, करण)

ख) भक्तले ईश्वरलाई ढोग्यो । (अधिकरण, कर्म, सम्प्रदान)

ग) फोनद्वारा खबर गरौँला । (करण, अपदान, कर्ता)

घ) भैँसी भीरबाट लड्यो ।  (अपादान, सम्प्रदान, अधिकरण)

ङ) भान्सेले थालमा भात पस्क्यो । (अधिकरण, अपादान, करण)

माथिको उदाहरण 'जैविक नियन्त्रणविधि' पाठ शीर्षकबाट लिइएको हो । यो पहिचानात्मक प्रकृतिको अभ्यासअन्तर्गत पर्दछ ।

२) विभक्ति चिह्न लागेका र नलागेका वाक्य छुट्याऊ :

क) गाई घाँस खान्छ ।

ख) गोरुले गाडा तान्यो ।

ग) बहिनी कसिङ्गर बढार्छे ।

घ) दाजु भाइलाई बोलाउँछन् ।

ङ) भरियाले नुन बोक्यो ।

च) भरिया ढाकरमा नुन बोक्छ ।

माथिको उदाहरण 'जैविक नियन्त्रणविधि' पाठ शीर्षकबाट लिइएको हो । यो वर्गीकरणात्मक प्रकृतिको अभ्यासअन्तर्गत् पर्दछ ।

**सवल पक्षहरू**

१) स्तर अनुरूप कारक र विभक्तिसम्बन्धी धारणाको विकास गर्न सफल देखिन्छ ।

२) पाठ्यक्रमले तोकेअनुरूपको क्षेत्रलाई अभ्यासले समेटेको पाइन्छ ।

**दुर्वल पक्षहरू**

१) निगमनात्मक विधिलाई प्राथमिकता दिइएको पाइन्छ ।

२) सबै प्रकृतिका अभ्यासलाई समावेश गर्न सकिएको छैन ।

## ४.९ लेख्यचिह्नसम्बन्धी अभ्यास

शब्द, पदावली, वाक्यांश र वाक्यको पारस्परिक सम्बन्ध जनाउनका लागि प्रयोग गरिने चिह्नहरूलाई लेख्यचिह्न भनिन्छ । अभिव्यक्तिलाई स्पष्ट भाव र अर्थ खुल्नेगरी लेख्नुपर्दा लेख्यचिह्नहरूको उचित प्रयोग गर्नु आवश्यक हुन्छ । नेपाली भाषामा पूर्णविराम, अर्धविराम, योजकचिह्न, अल्पविराम, उद्गारचिह्न, कोष्ठकचिह्न, उद्धरणचिह्न, निर्देशनचिह्न जस्ता लेख्यचिह्नहरू रहेका छन् ।

वर्तमान निम्न माध्यमिक तहको पाठ्यक्रमले कक्षा आठका लागि पूर्णविराम, प्रश्नचिह्न, अल्पविराम, उद्गारचिह्न, योजकचिह्न, कोष्ठकचिह्न, उद्धरणचिह्न र निर्देशनचिह्न गरी लेख्यचिह्नसम्बन्धी ८ क्षेत्र निर्धारण गरेको छ । लेख्यचिह्नसम्बन्धी उद्देश्य पूरा गर्न हाम्रो नेपाली किताबका विभिन्न पाठको व्याकरण खण्डअन्तर्गत विभिन्न धारणात्मक अभ्यास समावेश गरिएको छ ।

तालिका नं. ९

| क्र.सं. | व्याकरणका क्षेत्र | लेख्यचिह्न | प्रतिशत |
|---|---|---|---|
| १ | **परिचयात्मक** | | |
| | आगमन | | |
| | निगमन | | |
| २ | **पहिचानात्मक** | | |
| | पाठबाट खोज्ने | घ | द्धद्द.ड्ढ |
| | उदाहरणबाट खोज्ने | | |
| ३ | **वर्गीकरणात्मक** | | |
| | वर्गीकरण गर्ने | ज्ञ | ज्ञद्ध.द्द्ढ |
| | जोडा मिलाउने | ज्ञ | ज्ञद्ध.द्द्ढ |
| ४ | **प्रयोगात्मक** | | |
| | मूल प्रयोग | ज्ञ | ज्ञद्ध.द्द्ढ |
| | खाली ठाउँ भर्ने | | |
| | स्वतन्त्र प्रयोग | ज्ञ | ज्ञद्ध.द्द्ढ |
| | जम्मा | ७ | १०० |

प्रस्तुत तालिकाअनुसार लेख्यचिह्नसम्बन्धी पहिचानात्मक, वर्गीकरणात्मक र प्रयोगात्मक प्रकृतिअन्तर्गतका अभ्यासहरू समावेश गरिएको पाइन्छ भने परिचयात्मक

प्रकृतिका अभ्यासहरू समावेश गरेको पाइँदैन । सङ्ख्यात्मक हिसाबले कक्षा ८ को हाम्रो नेपाली किताबमा जम्मा ७ वटा लेख्यचिह्नसम्बन्धी अभ्यासहरू समावेश गरिएको पाइन्छ । जसमध्ये पहिचानात्मक प्रकृतिअन्तर्गत पाठबाट खोज्ने ३ वटा (४२.८४%) र प्रयोगात्मक प्रकृतिअन्तर्गत वर्गीकरण गर्ने १ वटा (१४.२९%), जोडा मिलाउने १ वटा (१४.२९%), मूल प्रयोग १ वटा (१४.२९%) र स्वतन्त्र प्रयोग १ वटा (१४.२९%) अभ्यासहरू समावेश गरिएको पाइन्छ ।

उदाहरणका लागि 'धनभन्दा विद्या ठूलो' पाठ शीर्षकमा रहेको लेख्यचिह्नसम्बन्धी वर्गीकरणात्मक प्रकृतिको अभ्यास तल प्रस्तुत गरिएको छ :

१) फरक बताऊ :

क) प्रश्नचिह्न र पूर्णविराम

ख) उद्गार र उद्धरणचिह्न

ग) कोष्ठकचिह्न र योजकचिह्न

घ) अल्पविराम र पूर्णविरामचिह्न

ङ) योजकचिह्न र निर्देशचिह्न

**सवल पक्षहरू**

१) प्रयोगात्मक पक्षलाई बढ्ता जोड दिएको छ ।

२) पाठ्यक्रमले तोकेका क्षेत्रहरूलाई समावेश गरिएको छ ।

३) वर्णविन्यासको शुद्ध प्रयोग गर्न सहयोगी देखिन्छ ।

**दुर्वल पक्षहरू**

१) सबै प्रकृतिका अभ्यास समावेश गर्न सकिएको देखिँदैन ।

२) उदाहरणको प्रयोग कम भएको पाइन्छ ।

३) चिह्नहरूको परिचय विस्तृत रूपमा गरिएको छैन ।

## ४.१० वर्णविन्याससम्बन्धी अभ्यास

वर्णविन्यास शब्दको अर्थ 'वर्णहरूको रखाइ' हो । शब्दका वर्णहरूको क्रमअनुसारको रखाइ नै वर्णविन्यास हो । वर्णविन्यास मिलाएर लेख्नुलाई सरल अर्थमा वर्णविन्यास भनिन्छ । यो वर्णहरूको उच्चारण र लेखाइ दुवैसँग सम्बन्धित हुन्छ । भाषाका शब्दका वर्णहरूको आफ्नो लेखन परम्परा वा लेखाइको चलन हुन्छ र त्यही शुद्ध लेखन शब्दसँग सम्बन्धित भएर चलेका नियमलाई नै वर्णविन्यास नियम भनिन्छ । वर्णविन्यासलाई हिज्जे, खित्ती, वर्तनी, अक्षरी, अक्षरविन्यास, लेखनियम आदि पनि भनिन्छ ।

वर्तमान निम्न माध्यमिक तहको पाठ्यक्रमले कक्षा आठका लागि ह्रस्वदीर्घ (इ,ई, उ, ऊ), ए/य, ब/व, श/ष/स, ग्यँ/ज्ञ, रि/ऋ, छ/क्ष, ञ,ण, न शिरबिन्दु, चन्द्रबिन्दु, विसर्ग र पदयोग, पदवियोगजस्ता वर्णविन्यासका क्षेत्र निर्धारण गरेको छ । पाठ्यक्रमले राखेका उद्देश्य पूरा गर्न विभिन्न पाठको अन्त्यमा व्याकरण अभ्यासअन्तर्गत वर्णविन्यासलाई समावेश गरिएको छ । वर्णविन्यासको ज्ञान र सीपलाई प्रभावकारी बनाउन विभिन्न उदाहरण र नियमको उल्लेख गरिएको छ ।

तालिका नं. १०

| क्र. सं. | व्याकरणका क्षेत्र | ह्रस्व | दीर्घ | ए/य | ब/व | श/ष/स | ग्यँ/ज्ञ | रि/ऋ | छ/क्ष | ञ/ण/न | शिरबिन्दु/ चन्द्रबिन्दु | विसर्ग | पदयोग/ पदवियो | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | **परिचयात्मक** | | | | | | | | | | | | | | |
| | आगमन | | | ज्ञ | ज्ञ | | ज्ञ | | ज्ञ | | ज्ञ | ज्ञ | ज्ञ | ठ | द्दछ |
| | निगमन | | | | | | | ज्ञ | | | | | | ज्ञ | घ.छड |
| २ | **पहिचानात्मक** | | | | | | | | | | | | | | |
| | पाठबाट खोज्ने | | | ज्ञ | | ज्ञ | | | | | ज्ञ | | | घ | ज्ञण.ठज्ञ |
| | उदाहरणबाट खोज्ने | | | | ज्ञ | ज्ञ | | ज्ञ | | | | | | घ | ज्ञण.ठज्ञ |
| ३ | **वर्गीकरणात्मक** | | | | | | | | | | | | | | |
| | वर्गीकरण गर्ने | ज्ञ | ज्ञ | ज्ञ | द्द | | | | द्द | | | | | ठ | द्दछ |
| | जोडा मिलाउने | | | | | | | | | | | | | | |
| ४ | **प्रयोगात्मक** | | | | | | | | | | | | | | |
| | मूल प्रयोग | द्द | द्द | | | ज्ञ | | | | | | | | छ | ज्ञठ.डट |
| | खाली ठाउँ भर्ने | ज्ञ | ज्ञ | | | | | | | | | | | द्द | ठ.ज्ञद्ध |
| | स्वतन्त्र प्रयोग | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | | | | | | | | | | | | | २८ | १०० |

प्रस्तुत तालिकाअनुसार वर्णविन्याससम्बन्धी परिचयात्मक, पहिचानात्मक, वर्गीकरणात्मक र प्रयोगात्मक चारै प्रकृतिका अभ्यासहरू समावेश गरेको पाइन्छ । सङ्ख्यात्मक हिसाबले कक्षा आठको नेपाली पाठ्यपुस्तकमा २८ वटा व्याकरणात्मक अभ्यासहरू समावेश गरिएको पाइन्छ । जसमध्ये परिचयात्मक प्रकृतिअन्तर्गत आगमनात्मक ७ वटा (२५%) तथा निगमन १ (३.५८%), पहिचानात्मक प्रकृतिअन्तर्गत पाठबाट खोज्ने ३ वटा (१०.७१), तथा उदाहरणबाट खोज्ने ३ वटा (१०.७१), वर्गीकरणात्मक प्रकृतिअन्तर्गत वर्गीकरण गर्ने ७ वटा (२५%) र प्रयोगात्मक प्रकृतिअन्तर्गत शुद्ध प्रयोग ५ वटा (१७.८६%) तथा खालीठाउँ भर्ने २ वटा (७.१४%) अभ्यास रहेका छन् ।

उदाहरणका लागि कक्षा ८ को नेपाली किताबका विभिन्न पाठमा शब्दभण्डारसम्बन्धी रहेका अभ्यासलाई तल प्रस्तुत गरिएको छ :

१) यस पाठमा शब्दको सुरू र अन्त्यमा दीर्घ लेखिएका शब्दहरू खोजेर लेख ।

माथिको उदाहरण 'पर्यटन' पाठ शीर्षकबाट लिइएको हो । यो पहिचानात्मक प्रकृतिको अभ्यास हो ।

२) कुन ठीक हो ?

क) बखल, वखल

ख) वारपार, बारपार

ग) देखावट, देखाबट

घ) वृक्ष, वृछ

ङ) येकादशी, एकादशी

माथिको उदाहरण 'पृथ्वीसन्देश' पाठ शीर्षकबाट लिइएको हो । यो वर्गीकरणात्मक प्रकृतिको अभ्यास हो ।

३) सच्याएर कापीमा सार :

दाजुभाई नातामा सबभन्दा नजीक मानीन्छन् । मातृप्रेमलाइ कुनै प्रेमले पनी सजीलै ऊछीन्न सक्तैन । संसारमा सबै वस्तुको कृत्रिम रूप निर्माण भइसकेको छ, तर भाई-भाईका बिच कृत्रिम सम्बन्धको निर्माण हुनै सत्तैन । सौनेति सम्बन्धको अर्को अवस्था नै मात्र प्रेमको पक्ष हो ।

यो उदाहरण 'म्याडम क्युरी' पाठशीर्षकबाट लिइएको हो । यो प्रयोगात्मक प्रकृतिको अभ्यास हो ।

**सवल पक्षहरू**

१) सबै प्रकृतिका अभ्यासहरूलाई समावेश गरिएको छ ।

२) आगमनात्मक विधिलाई प्राथमिकता दिइएको हो ।

३) विद्यार्थीको लेखाइ शुद्धिमा वृद्धिहुने खालका अभ्यासहरू  समावेश गरिएको छ ।

**दुर्वल पक्षहरू**

१) पाठ्यक्रमले निर्धारण गरेका वर्णविन्याससम्बन्धी क्षेत्रलाई समेट्न सकेको पाइँदैन ।

२) वर्णविन्याससम्बन्धी अभ्यासलाई समान रूपमा प्राथमिकता दिन सकिएको देखिँदैन ।

३) पदयोग/पदवियोग र विसर्गसम्बन्धी अभ्यासहरू नगन्यरूपमा राखिएको छ भने ञ/ण/न सम्बन्धी अभ्यासहरू समावेश गरिएको छैन ।

४) विद्यार्थीको स्तर अनुरूप सबै प्रकारका वर्णविन्याससम्बन्धी धारणाको विकास गर्न सकिएको छैन ।

# अध्याय - पाँच

## ५.१ निष्कर्ष र सुझाव

**कक्षा आठको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरण अभ्यासहरूको अध्ययन** शीर्षकमा केन्द्रित यस शोधमा उक्त किताबमा पाठ्यक्रमले निर्धारण गरेको व्याकरणका क्षेत्र (पदसङ्गति, काल, पक्ष, अर्थ वा भाव, वाच्य परिवर्तन, वाक्य परिवर्तन, शब्दवर्ग, कारक र विभक्ति, लेख्य चिह्न र वर्णविन्यास अनुरूप अभ्यासको प्रकृति (परिचयात्मक, पहिचानात्मक, वर्गीकरणात्मक र प्रयोगात्मक) का आधारमा अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनमा व्याकरणका क्षेत्र र अभ्यासको प्रकृतिका आधारमा तथ्याङ्क सङ्कलन गरी तथ्याङ्कको व्याख्या तथा विश्लेषण गरिएको छ । उक्त व्याख्या तथा विश्लेषणका आधारमा व्याकरण अभ्यासका बारेमा केही महत्त्वपूर्ण सवल तथा दुर्वल पक्षहरू औंल्याउने कार्य गरिएको छ । समग्रमा यिनै प्राप्ति र अप्राप्तिहरूलाई यस अध्ययनमा निष्कर्षका रूपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ भने निष्कर्षकै आधारमा आवश्यक सुझाव प्रस्तुत गरिएको छ ।

### ५.१.१ अध्ययनको निष्कर्ष

**क) पदसङ्गति** : पदसङ्गतिसम्बन्धी परिचयात्मक, वर्गीकरणात्मक प्रकृतिका अभ्यासहरूमात्र समावेश गरिएको छ । सङ्ख्यात्मक हिसावले पदसङ्गतिसम्बन्धी जम्मा ९ वटा मात्र अभ्यासहरू समावेश गरिएको छ । व्याकरण शिक्षणमा आगमनात्मक विधिलाई प्राथमिकता दिनु यसको सवल पक्ष हो । त्यस्तै पहिचानात्मक प्रकृतिका पदसङ्गतिसम्बन्धी अभ्यास समावेश नगराउनु यसको दुर्वल पक्ष हो ।

**(ख) काल** : कालसम्बन्धी परिचयात्मक, पहिचानात्मक, वर्गीकरणात्मक र प्रयोगात्मक चारै प्रकृतिका अभ्यासहरू समावेश गरिएको छ । पाठ र व्याकरण अभ्यासमा सामान्जस्यता पाइनु यसको सवल पक्ष हो । कक्षाको स्तर अनुरूप कालसम्बन्धी धारणाको विकास गर्न नसकिने खालका अभ्यासहरू समावेश गरिनु यसको दुर्वल पक्ष रहेको छ ।

**(ग) पक्ष** : सबै प्रकृतिका अभ्यासलाई समावेश गरिएको छ । सङ्ख्यात्मक हिसाबले पक्षसम्बन्धी जम्मा १७ वटा अभ्यासहरू रहेका छन् । उदाहरणलाई प्राथमिकता दिनु यसको सवल पक्ष रहेको छ । पाठ्यक्रम र पाठ्यपुस्तकमै सामँन्य पक्षलाई प्राथमिकता नदिनु यसका कमजोरी पक्ष रहेको छ ।

**(घ) अर्थ र भाव** : भावसम्बन्धी परिचयात्मक, पहिचानात्मक, वर्गीकरणात्मक र प्रयोगात्मक चारै प्रकृतिका अभ्यासहरूलाई समावेश गरिएको छ । सङ्ख्यात्मक हिसाबले जम्मा ३ वटा मात्र अभ्यासहरू समावेश गरिएका छन् । पाठअनुरूप अभ्यासको प्रकृति सुहाउँदो हुनु यसको सवल पक्ष हो । सबै प्रकृतिका अभ्यासलाई समावेश गर्न नसक्नु यसको ठूलो कमजोरी हो ।

**(ङ) वाक्य परिवर्तन** : वाक्यपरिवर्तनसम्बन्धी पहिचानात्मक र प्रयोगात्मक प्रकृतिका अभ्यासहरूलाई समावेश गरिएको छ । सङ्ख्यात्मक हिसाबले जम्मा ३ वटा मात्र अभ्यासहरू समावेश गरिएका छन् । पाठअनुरूप अभ्यासको प्रकृति सुहाउँदो हुनु यसको सवल पक्ष हो । सबै प्रकृतिका अभ्यासलाई समावेश गर्न नसक्नु यसको ठूलो कमजोरी हो ।

**(च) वाच्य** : वाच्यसम्बन्धी परिचयात्मक, वर्गीकरणात्मक र प्रयोगात्मक प्रकृतिका अभ्यासहरूलाई समावेश गरिएको छ । सङ्ख्यात्मक रूपमा वाच्यसम्बन्धी १२ वटा

अभ्यासहरू समावेश गरिएका छन् । वाच्यसम्बन्धी धेरै अभ्यासहरू रहनु यसको सवल पक्ष हो । निगमनात्मक विधिको प्रयोग गरी भाववाच्यको शिक्षण गर्न खोजिनु यसको दुर्वल पक्ष हो ।

(छ) **शब्दवर्ग :** सबै प्रकृतिका अभ्यासहरूलाई समावेश गरिएको पाइन्छ । सङ्ख्यात्मक हिसाबले सबैभन्दा बढी जम्मा ४८ वटा शब्दवर्गसम्बन्धी अभ्यासहरू राखिएको छ । उदाहरणमा बढी जोड दिनु यसको सवल पक्ष हो । विद्यार्थीको स्तर अनुरूप शब्दवर्गसम्बन्धी धारणाको विकास गर्न नसक्नु यसको दुर्वल पक्ष रहेको छ ।

(ज) **कारक र विभक्ति** : परिचयात्मक, पहिचानात्मक र वर्गीकरणात्मक प्रकृतिका अभ्यासहरूलाई मात्र समावेश गरिएको छ । कारक र विभक्तिसम्बन्धी जम्मा ९ वटा अभ्यासहरूलाई समावेश गरिएको छ । पाठ्यक्रमले तोकिएअनुरूपका सबै क्षेत्रहरूलाई अभ्यासमा समेट्न सक्नु यसको सवल पक्ष हो । निगमनात्मक विधिलाई प्राथमिकता दिनु र प्रयोगात्मक प्रकृतिको अभ्यासलाई समावेश नगरिनु यसका दुर्वल पक्ष रहेका छन् ।

(झ) **लेख्यचिह्न** : लेख्यचिह्नसम्बन्धी पहिचानात्मक, वर्गीकरणात्मक र प्रयोगात्मक तीन प्रकृतिका अभ्यासहरूलाई समावेश गरिएको छ । सङ्ख्यात्मक हिसाबले जम्मा ७ वटा अभ्यासलाई  समावेश गरिएको छ । प्रयोगात्मक पक्षलाई बढी जोड दिइनु यसको सवल पक्ष हो । चिह्नहरूको परिचय विस्तृत रूपमा नदिनु यसको दुर्वल पक्ष हो ।

(ञ) **समग्रता** : व्याकरणका विभिन्न क्षेत्रमध्ये कुनैमा दुई, कुनैमा तीन र कुनैमा चार प्रकृतिमा अभ्यासहरूलाई समावेश गरिएको पाइन्छ । तुलनात्मक रूपमा सबैभन्दा बढी अभ्यास शब्दवर्गसम्बन्धी अभ्यासमा रहेका छन् । बढीमात्रामा आगमनात्मक विधिद्वारा व्याकरण शिक्षण गर्ने प्रयास गर्नु र प्रयोगात्मक प्रकृतिका अभ्यासहरूलाई प्राथमिकता दिनु यसका सवल पक्षहरू रहेका छन् । त्यस्तै एउटै व्याकरण क्षेत्रमा सबै प्रकृतिका व्याकरण अभ्यासलाई समावेश गर्न नसक्नु र विद्यार्थीको स्तरअनुरूप व्याकरणसम्बन्धी धारणाको विकास गर्न नसक्ने यसका दुर्वल पक्ष रहेका छन् ।

### ५.१.२ सुझावहरू

माथि प्रस्तुत निष्कर्षका आधारमा यस अध्ययनका सुझावहरूलाई निम्नलिखित बुँदाहरूमा प्रस्तुत गरिएका छन् :

क) व्याकरण शिक्षणको उद्देश्य प्राप्तिका लागि सबै व्याकरणका क्षेत्रमा परिचयात्मक, पहिचानात्मक, वर्गीकरणात्मक र प्रयोगात्मक प्रकृतिका अभ्यासहरू समावेश गरिनु पर्दछ ।

ख) निगमनात्मक विधिलाई कुनै पनि व्याकरण अभ्यासमा समावेश नगरी पूर्णरूपमा आगमनात्मक विधिको प्रयोग गर्नु पर्दछ ।

ग) विद्यार्थीको स्तर अनुरूप व्याकरणका अभ्यासहरूलाई समावेश गरिनु पर्दछ ।

घ) पाठ्यक्रमले निर्धारण गरेका व्याकरणका सम्पूर्ण क्षेत्रलाई अभ्यासमा समावेश गरिनु पर्दछ ।

ङ) सङ्गतिको अभ्यासमा पुरुषसम्बन्धी अभ्यासको सङ्ख्या बढाउनु पर्दछ ।

च) कालसम्बन्धी परिचयात्मक अभ्यासमा जोड दिनुपर्दछ ।

छ) पाठ्यक्रम र पाठ्यांशमा नै सामान्य पक्षलाई समावेश गरिनुपर्दछ ।

ज) कुनै पक्षमा अभ्यास बढी र कुनैमा कम नगरी सबै पक्षका अभ्यासलाई समान रूपमा समावेश गराउनु पर्दछ ।

झ) सामान्यार्थ भावका अभ्यासलाई अझ बढी समावेश गर्नु पर्दछ ।

ञ) वाक्य परिवर्तनसम्बन्धी अभ्यासको सङ्ख्या बढाउनु पर्दछ ।

ट) विद्यार्थीको स्तर अनुरूप शब्दवर्गसम्बन्धी धारणाको विकास गर्न शब्दवर्गसम्बन्धी परिचय अझ बढी राखिनु आवश्यक देखिन्छ ।

ठ) शब्दवर्गका क्षेत्रलाई समानुपातिक रूपमा अभ्यासमा समावेश गर्नुपर्दछ ।

ड) कारक र विभक्तिको अभ्यासमा आगमनात्मक विधि प्राथमिकता दिनु पर्दछ ।

ढ) चिह्नहरूको परिचय विस्तृत रूपमा समावेश गर्नुपर्ने देखिन्छ ।

ण) लेख्य चिह्नहरूको अभ्यासमा उदाहरणलाई प्राथमिकता दिनुपर्दछ ।

त) पदयोग र पदवियोगसम्बन्धी अभ्यासलाई अझ बढी रूपमा समावेश गरिनु पर्दछ ।

थ) ञ/ण/न सम्बन्धी अभ्यास कुनै पनि समावेश भएको पाइँदैन, यसलाई व्याकरण अभ्यासमा समावेश गराउनु पर्दछ ।

## ५.१.३ भावी अध्ययनका लागि सम्भावित शोध शीर्षकहरू

१. मा.वि.तहका पाठ्यपुस्तकमा समावेश भएका व्याकरण अभ्यासहरूको अध्ययन,

२. मा.वि. तहका पाठ्यपुस्तकमा समावेश भएका नमुना अभ्यासहरूको अध्ययन,

३. प्रा.वि.तहका पाठ्यपुस्तकमा समावेश गरिएका व्याकरण अभ्यासहरूको अध्ययन,

४. प्रा.वि. तहका पाठ्यपुस्तकमा समावेश भएका नमुना अभ्यासहरूको अध्ययन,

५. विभिन्न कक्षाका पाठ्यपुस्तकमा समावेश गरिएका अभ्यासहरूको तुलनात्मक अध्ययन ।

६) विभिन्न तहका पाठ्यपुस्तकको तुलनात्मक अध्ययन,

७) विभिन्न तहका पाठ्यक्रमको तुलनात्मक अध्ययन,

८) विभिन्न तहका पाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययन,

९) विभिन्न तहका पाठ्यक्रमको विश्लेषणात्मक अध्ययन ।

# सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०५०), **नेपाली भाषाशिक्षण**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

(२०६३), **प्रयोगात्मक नेपाली शब्दकोश** (दोस्रो सं.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, शान्तिप्रसाद (२०६३), **सामान्य भाषाविज्ञान** (दोस्रो सं.), काठमाडौँ : शुभकामना प्रकाशन ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५७), **परिचयात्मक नेपाली भाषा शिक्षण**, काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

न्यौपाने, विनोद (२०६६), **निम्न माध्यमिक तह अध्ययन अनुमतिपत्र**, काठमाडौँ : नवीन प्रकाशन ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), **निम्न माध्यमिक तहको पाठ्यक्रम**, भक्तपुर : नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय ।

(२०६४), **हाम्रो नेपाली किताब कक्षा ८**, भक्तपुर : नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय ।

पोखरेल, बालकृष्ण र अन्य (२०४०), **नेपाली बृहत् शब्दकोश,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

पौडेल, नेत्रप्रसाद र तीर्थराज खतिवडा (२०६५), **नेपाली भाषा पाठ्यक्रम तथा शिक्षण पद्धति**, काठमाडौँ : पैरवी प्रकाशन ।

भण्डारी, पारसमणि (२०६३), **स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण,** काठमाडौँ : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

भट्टराई, रामप्रसाद (२०६५), **भाषिक अनुसन्धान विधि**, काठमाडौँ : शुभकामना प्रकाशन ।

लामिछाने, यादवप्रसाद (२०५७), **नेपाली भाषा शिक्षण परिचय,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०), **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौँ : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, मोहनराज (२०५४), **शब्दरचना र वर्णविन्यास, वाक्यतत्त्व, अभिव्यक्ति र पाठहरू,** काठमाडौँ : नवीन प्रकाशन ।

**अप्रकाशित शोधपत्र सूची**

आचार्य, सरस्वती (२०५९), **निम्न माध्यमिक तह (कक्षा ७) मा प्रयुक्त व्याकरण अभ्यास खण्डको विश्लेषणात्मक अध्ययन,** अप्रकाशित शोधपत्र, नेपाली भाषा शिक्षण विभाग, त्रि.वि. कीर्तिपुर ।

खड्का, यशोदा (२०५९), **कक्षा ८ को हाम्रो नेपाली किताब र सजिलो नेपाली मालाका नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन,** अप्रकाशित शोधपत्र, नेपाली भाषा शिक्षण विभाग, त्रि.वि. कीर्तिपुर ।

दाहाल, मोहनकुमार (२०५४), **निम्न माध्यमिक तहमा नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यास एक अध्ययन,** अप्रकाशित शोधपत्र, नेपाली भाषा शिक्षण विभाग, त्रि.वि. कीर्तिपुर ।

न्यौपाने, हिमलाल (२०५७), **कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरण अभ्यासको अध्ययन,** अप्रकाशित शोधपत्र, नेपाली भाषा शिक्षण विभाग, त्रि.वि. कीर्तिपुर ।

रिमाल, डिल्लिराम (२०५३), **माध्यमिक तहको वर्तमान भाषा पाठ्यपुस्तक (कक्षा ९ र १०) मा प्रयुक्त नमुना अध्यास एक अध्ययन,** अप्रकाशित शोधपत्र, नेपाली भाषा शिक्षण विभाग, त्रि.वि. कीर्तिपुर ।